# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शुद्धोधन गाउँपालिका
## रुपन्देही

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शुद्धोधन गाउँपालिका
## रुपन्देही

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

शुद्धोधन गाउँपालिका

रुपन्देही

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्रयाई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१, जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं- २३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

शुद्धोधन गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय,

मानपकडी, रुपन्देही।

१. **कैफियत सहितको राय**- हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ३४ लाख २१ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु.३२ लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२२ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ४४ लाख ३ हजार र पेश्की बाँकी रु.३४ लाख ९५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म सम्परीक्षण पश्चात रु.१० करोड ५८ लाख ७९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ९३ लाख रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली )

**नायब महालेखापरीक्षक**

शुद्धोधन गाँउपालिका,

रुपन्देही जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७५ | ६८ | ३३४२१ | ० | ० | ० | ७५ | ६८ | ३३४२१ | ३२९६ | २४४०३ | २२२७ | ० | ० | २६६३० | ३४९५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु.हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुपन्देही | ११४३५७ | ० | ८४७८ | १०५८७९ | ० | ३३४२१ | १३९३०० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | गत विगत वर्षतर्फको | | | ८४७८२९४.७३ |
| कुल जम्मा | | | | ८४७८२९४.७३ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।२९ देखि २०८०।१०।०४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय — व्ययतर्फ रु. ८४४८५०२१८।-को गरी जम्मा रु. ८४४८५०२१८।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३५०००।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बढी भुक्तानी रकम असुल | ३५००० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण विश्लेषण**

वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२०५४७५०१।-,-र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ९७५३२२६।- समेत गरी रु. १३०३००७२७।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२.२ **फरक हिसाब —**यस पालिकालेसुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ५६०५१८८७१।१६, यस वर्षको प्राप्ति रु.१७९८७१११५।७३, यस वर्षको भुक्तानी रु.१७१७५२६४७।१७ र बैङ्क मौज्दात रु.४६३७२७८।८६फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १४५०२११९९.८४ | ५२५६६८९५५.२७ | ४८४१४४२७७.८३ | १८४३१६०१४.१४ |
| एकीकृत आर्थिक विवरणअनुसार | १३९३१०१४७ | ७०५५४००७१.०० | ६५५८९६९२५. | १८८९५३२९३. |

| | | | | |
|---|---|---|---|---|
| फरक | ५६०५१८८७१.१६ | १७९८७१११५.७३ | १७१७५२६४७.१७ | ४६३७२७८.८६ |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १३९०७८८९५।९८ मौज्दात रहेकोमा यो वर्ष रु. १३९३१०१४७।५ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २३१२५१।४९ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२.४ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| **सि.नं.** | **खाताको नाम** | **श्रेस्ता अनुसार बाँकी** | **बैंक स्टेटमेण्ट अनुसार बाँकी** | **हिसाब मिलान गरेको रकम** | **फरक** |
|---|---|---|---|---|---|
| | संचित कोष | १७१२२७८१९.३० | १४८८४८१०९.८२ | | |
| | विविध कोष खाता | ४८०३९७३.८३ | ४८०३९७३.८३ | | |
| | आकस्मिक कोष खाता | ७००००० | ७००००० | | |
| | पूँजीगत खाता | ० | ३०५२००२१ | | |
| | धरौटी खाता | ११६६४४५२ | ११६६४४५२ | | |
| | चालू खाता | ० | ३३५८२३७९.५६ | | |
| | विपद व्यवस्थापन कोभिड | ० | ० | | |
| जम्मा | | १८८३९६२४५.१३ | २३०११८९३६.२१ | | ४१७२२६९१.०८ |
| चालु र पुजीगत खातामा साट्न बाँकी चेकको रकम | | | | | ४१६००९४६.३६ |
| श्रेस्ता भन्दा बैंकमा बढी भएको रकम | | | | | १२१७४४.७२ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दिगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे नगरेको

**सार्वजनिक खरिद व्यवस्थापनतर्फ**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको ,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको, • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**बेरुजु लगतः**

म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• म. ले. प. फाराम ८०१ — बेरुजु लगत

• म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन

• म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत

• म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन

• म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख

अनुसार ती म. ले. प. फाराम अद्यावधिक नरहेकोले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको

• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको

• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको

• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,

• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखे नराखेको

• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेको

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ४ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ५ बजेट तथा कार्यक्रम

५.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेता पनि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५.२ **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५.३ **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५.४ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।०९ मा रु. ६३ करोड ८४ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५.५ **लक्ष्य प्रगति** : कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन ।

बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्यक्षेत्र** | **वार्षिकवजेट** | **खर्चरकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ३७१२५००० | २३६४८६०७ | ५.०३ |
| सामाजिक विकास | २३७४४२००० | १९२१६९१८७.७ | ४०.८७ |
| पूर्वाधार विकास | २६१७३४००० | १३८२३६२४० | २९.४० |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६१८५००० | १२७४९७१३ | २.७१ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १२६५५७००० | १०३४०१४०३.५ | २१.९९ |
| **जम्मा** | **६७९०४३२५०** | **४७०२०५१५१** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४०.८७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २.७१ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

५.७ **योजना छनौट र कार्यान्वयन**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७९।८०को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| **विवरण** | **रु १ लाख सम्म** | **रु १ लाख देखि २ लाखसम्म** | **रु २ लाखदेखि ५ लाखसम्मका** | **रु ५लाख देखि १० लाखसम्मका** | **रु १० लाखभन्दा बढीको** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **योजना संख्या** | ६० | २३ | १०३ | २४ | ७१ | २८१ |
| **जम्मा रकम** | ५६०००० | ३९००००० | ३४५००००० | १५८००००० | २३४५०००००० | २८९२६०००० |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५० हजार देखि १० लाख भन्दा बढीको जम्मा २८१ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ६० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५.८ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी राजस्व सम्बन्धी सफ्टवेयरको Annual Maintenance Charge वापत साङ्ग्रिला इन्फरमेटिभ्स प्रा. लि. लाई रु.१९९९८७।- भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,९९,९८७ |

५.९ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५६५८२६६८।-पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५.१० **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ५२७९५९०१।५६ राजस्व बाँडफाँड र अनुदानबाट रु. १००५८९५९७।२ समेत रु. ५५५७४३८८७।५ आम्दानी भएकोमा चालु तर्फ रु. ३१३६२२४८३।२० र पूँजिगत तर्फ रु. १५६५८२६६८ समेत रु. ४७०२०५१५१।२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ११ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ४२००९९००।- खर्च भएको छ जुन आन्तरिक आयको १२.६७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६ प्रतिशत चालु र ३४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५.११ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत खर्चतर्फ | १५६५८२६६८ | ६९८९४२० | १०८४२२६३ | १७८११६०५ | १२०९३९३८० | ७७३४१९४५ |
| | प्रतिशत | | ४.४६% | ६.९२% | ११.३८% | ७७.२४% | ४९.३९% |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १५६५८२६६८।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ६९८९४२० (४.४६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १०८४२२६३ (६.९२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १७८११६०५।- (११.३८ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १२०९३९३८०।- (७७.२४ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७७३४१९४५ (४९.३९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ संगठन तथा कर्मचारी व्यवस्थापन

६.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ८६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको

दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ४ पदमा ७ जना कर्मचारीहरु करारमा राखि रु.१,२५,९२,०००।- खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ७ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ३४,७२,०००।- भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३४,७२,००० |

६.३ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले सूचकमा आधारित कार्यविधि बनाई यो वर्ष प्रोत्साहन भत्ता रु. १४६९४१५।-, खाजा खर्च रु. ८०६१४५।-र आन्तरिक पर्यटन काज भत्ता रु.१२८८०००।- गरी खर्च गरेको जम्मा रकम रु. ३५६३५६०।— आन्तरिक आय (रु. ५,२७,९५,९०१.५६।-) को ६.७ प्रतिशत हुने भएको कारण आर्थिक व्ययभार बढ्न गएको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय समेतलाई ध्यानमा राखी यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६.४ **कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐन कानून बमोजिम कोष खडा गरेको देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ७ सेवा प्रवाह विवरण

७.१ **वडा सचिवको पदपूर्तिः** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । पालिकाबाट हुनेकार्यहरू रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| **वडा संख्या** | **वड सचिवको दरबन्दी** | **वडा सचिवको पदपूर्ति** | **रिक्त वडा सचिव** |
|---|---|---|---|
| ७ | ७ | ६ | १ |

| सैद्धान्तिक बेरुजु |
|---|

७.२ **सेवाप्रवाहको स्थिति** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २५३ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १०२८ |
| मृत्युदर्ता | २३८ |
| बसाईसराई दर्ता | १४१ |
| विवाह दर्ता | ४०४ |
| सम्बन्धविच्छेद दर्ता | १८ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | |
| ग्राभेल सडक मर्मत | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ८ पदाधिकारी सुविधा

८.१ **स्थानीय तहका पदाधिकारी सुविधा** :नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ७०१४०००।- सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य२४ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४००० | २५२००० | १४४००० | ८६४००० | १३०८००० |
| २ | यातायात खर्च | ० | ० | ८४००० | ४३२००० | ८२८००० | २१००००० |
| ३ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | २५२००० | २१६००० | ६९०००० | १२३६००० |
| ४ | पुस्तक,पत्रिका, ईन्टरनेट | ४८००० | ४८००० | २५२००० | ५४००० | ५५२००० | ९५४००० |
| ५ | समन्वय तथा सहजीकरण | १०००० | ८००० | ४२००० | ३०००० | ७२००० | १६२००० |
| ६ | अतिथि सत्कार | ७२००० | ६०००० | ३३६००० | ० | ० | ४६८००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ६०००० | ६०००० | ३२४००० | ० | ० | ४४४००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | ८४००० | ६०००० | १६८००० | ३४२००० |
| | जम्मा | २७१००० | २५१००० | २०५८००० | ९३६००० | ३१७४००० | ७०१४००० |

सैद्धान्तिक बेरुजु

८.२ **वडा अध्यक्षको सुविधाः** मिति २०७७।३।२४ मा प्रदेश सभाबाट भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक बमोजिम उक्त ऐनको अनुसूचीको खण्ड (क) को गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ८) खानेपानी तथा सरसफाई सुविधा एवं क्रम संख्या ९) को मर्मत संभार र विद्युत/उर्जा खर्च सुविधा वापत वडाध्यक्षको कोलममा भएको २००० भन्ने अंक झिकिएको व्यहोरा उल्लेख गरिएको छ । संशोधनबाट झिकिएको उक्त सुविधा बराबरको प्रति व्यक्ति रु.४०००।— को दरले ७ जना वडाध्यक्षलाई वार्षिक भुक्तानी भएको कुल रकम रु.३२४०००।-असुल गर्नुपर्ने रु.

| सिं नं | नाम | भुक्तानी |
|---|---|---|
| १ | उदयराज गडेरिया पाल | ४८००० |
| २ | कमल खडका क्षेत्री | ४८००० |

| | | |
|---|---|---|
| ३ | हेम बहादुर खडका | ४८००० |
| ४ | चन्द्रभान चौधरी थारु | ४८००० |
| ५ | उपेन्द्र साहनी | ४८००० |
| ६ | केशव प्रसाद अधिकारी | ४८००० |
| ७ | भीम बहादुर यादव | ३६००० |
| जम्मा | | ३२४००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२४,००० |

८.३ **स्वकीय सचिव र सल्लाहकार** – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर अध्यक्ष र उपाध्यक्षको प्रेस सल्लाहकार र कानुनी सल्लाहकारका रुपमा नियुक्त गरी भुक्तानी गरेको रकम रु. २०९०००।- अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,०९,००० |

९ **सम्पत्ति हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत

नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **कानून निर्माण एवं कार्यान्वयन**

१२.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २८ ऐन, ८ नियमावली, ४४ कार्यविधि, २ निर्देशिका र १ नर्म्स लगायत ८३ वटा कानुन निर्माण गरेको छ । तसर्थ उक्त कानूनहरु कार्यान्वयनमा पूर्ण कार्यान्वयनमा ल्याई आवश्यकताका अनुसार कानूनहरू निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.२ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७ र यो बर्ष थप भएको ५० गरी जम्मा ५७ वटा उजरी दर्ता मध्ये ३९ वटा मात्र फछ्र्यौट भई १८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १३ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । पालिकाले १ पटक सामाजिक परीक्षण गरी रु.२९९९०२।— र सार्वजनिक सुनुवाई कार्यक्रम गरी रु.३०००००।-खर्च लेखेको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## १४ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## १५ कर दस्तुर एवं आन्तरिक आय

१५.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४,५८,३३,२५०।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ५,२७,९५,९०१.५६ अर्थात अनुमान भन्दा १५.१९ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१५.२ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २२,०६,४४,१५०.७ | ५,२७,९५,९०१.५६ | २३.९३% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २३.९३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१५.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **राजस्व उपशीर्षक** | **अनुमानित बजेट** | **प्राप्त रकम रु.** | **प्रतिशत** |
|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | १०५००००. | ९०७४६४. | ८६.४३ |
| ११३१४ भुमिकर/मालपोत | २५०००००. | २८५३०६९. | ११४.१२ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १००००००००. | १५११०३७६.६ | १५१.१० |
| ११३२२ वहाल विटौरी कर | २६७०००. | ९६८२३७.८३ | ३६२.६४ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ९०९७२०००. | ५०२९७६०५.३१ | ५५.२९ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ० | १८५३२९८६.०४ | ०.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ५६७४०००. | ४५२२७९८.५८ | ७९.७१ |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ११०००००. | १९२३९७५.८ | १७४.९१ |
| ११६९१ अन्य कर | ९५००००. | १८४७०५१.२५ | १९४.४३ |
| जम्मा कर राजस्व | ११२५१३०००. | ९६९६३५६४.४१ | ८६.१८ |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ० | १५४६४५७३.४ | ०.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १०००००. | १३४८२०९. | १३४८.२१ |
| १४२४२ नक्सापास दस्तुर | १००००००. | १४८९८००.४८ | १४८.९८ |
| १४२४३ सिफारिश दस्तुर | ३००००००. | ४८८१६६९. | १६२.७२ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २०००००. | ५४७०००. | २७३.५० |
| १४२४९ अन्य दस्तुर | ३१००००. | ३०२५००. | ९७.५८ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ० | ०.०० |
| १४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर | २८७३३२५०. | २३२२७०१५.२ | ८०.८४ |
| १४२६५ अन्य क्षेत्रको आय | ४००००००. | ७५०५५१६. | १८७.६४ |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | २०००००. | ४५५९६५. | २२७.९८ |

| | | | |
|---|---|---|---|
| १४५२९ अन्य राजस्व | २५२३०००. | ४५३८४२९. | १७९.८८ |
| जम्मा गैर कर राजस्व | ४००६६२५०. | ५९७६०६७७.०८ | १४९.१५ |
| जम्मा आन्तरिक राजस्व | १५२५७९२५०. | १५६७२४२४१.४९ | १०२.७२ |
| **जम्मा** | **४५७७३७७५०.** | **४७०१७२७२४.४७** | **१०२.७२** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१५.४ **सवारी कर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५.५ **मनोरञ्जन कर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५.६ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर संकलन गरेको पाइएन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५.७ **राजस्व दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथा स्थानमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले देहाय बमोजिमको असार मसान्तको केही दिनको कार्यालय र अन्तर्गत वडाबाट प्राप्त गरेको राजस्व रकम सिस्टम बन्द भएको

कारण जनाई २०८० श्रावणको पहिलो हप्ता सम्ममा दाखिला गरेको छ । यसरी २०८० श्रावणमा दाखिला गरेको राजस्व रकम २०७९।८० को आर्थिक विवरणमा प्रविष्टि नहुँदा प्रतिवेदनले सही र यथार्थ अवस्थाको चित्रण गर्न नसक्ने अवस्था रहन्छ । तसर्थ वर्षभरी उठेको राजस्व सोही आर्थिक वर्षभित्र दाखिला गरी आम्दानी बाँध्नुपर्दछ ।

| **सि नं** | **वडा नं** | **दाखिला मिति** | **राजस्व रकम** |
|---|---|---|---|
| १ | गाउँपालिका | २०८०।४।१ | १८४९२ |
| २ | वडा नं. १ | २०८०।४।१ | १७८६१ |
| ३ | वडा नं. २ | २०८०।४।२ | ४६४१३ |
| ४ | वडा नं. ३ | २०८०।४।५ | १८३९५ |
| ५ | वडा नं. ४ | २०८०।४।४ | २३११३५ |
| ६ | वडा नं. ५ | २०८०।४।१ | ४७१३१ |
| ७ | वडा नं. ६ | २०८०।४।१ | १०२८७ |
| **जम्मा** | | | **३८९७१४** |

सैद्धान्तिक बेरुजु

१६ **आर्थिक सहायता र अन्य विविध खर्च**

१६.१ **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ९,९८,०००।- खर्च गरेको छ । आन्तरीक आम्दानी कम रहेको अवस्थामा यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६.२ **महोत्सव तथा अन्य खर्च** – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. ५०००००।- खर्च गरेको छ । आन्तरीक आम्दानी कम रहेको अवस्थामा यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६.३ **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. १,१४,०००।-आर्थिक सहायता

वितरण गरेका छन् । आन्तरीक आम्दानी कम रहेको अवस्थामा यस्तो आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१७ **क्याम्पसलाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा स्थानीय तहले आधारभुत र माध्यामिक विद्यालयको शिक्षा क्षेत्रमा कार्यहरु गर्न सक्ने उल्लेख छ । तर पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गो.भौ.नं. ५७ मिति २०७९।११।१२ मा यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पसको नाममा क्याम्पसको भौतिक निर्माण वापत रु.१६००५००।- अनुदान रकम निकासा दिएको छ । पालिकाले ऐनले तोकेको क्षेत्राधिकार भन्दा बाहिर खर्च गरेको तथा क्याम्पसको भौतिक निर्माणका लागि निकासा दिएको रकम अनियमित देखिएको रु.

| अनियमित भएको | १६,००,५०० |
|---|---|

१८ **स्थानीय पाठ्यक्रम निर्माण, अभिमुखीकरण तथा छपाई**

कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० बमोजिम स्थानीय तहले शैक्षिक सत्रको शरुमा नै पाठ्यपुस्तकको उपलब्धता र वितरणको सुनिश्चितता गर्नुपर्दछ । यस गाउँपालिकाले शैक्षिक सत्र २०८० मा लागू गर्ने उद्देश्यका साथ आथिक वर्ष २०७९।८० मा स्थानीय पाठ्यक्रम निर्माण शीर्षकमा रु.१०,००,०००।— विनियोजन गरी देहाय बमोजिमको गो.भौ.नै. र मितिमा पाठ्यक्रमको निर्माण, लेखन तथा सम्पादन वापत रु.९५४२४५।-भुक्तानी गरेको छ । स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि स्थानीय तहका सरकारी निकायहरूका लागि अभिमुखीकरण निर्देशिका बमोजिम स्थानीय पदाधिकारी, स्थानीय शिक्षक, प्र.अ., विषय विज्ञ लगायत अन्य सरोकारवालाहरुको समेतको संलग्नतामा स्थानीय पाठ्यक्रम विकास समिति गठन भएको तर स्थानीय पाठ्यक्रम प्राविधिक कार्यदल गठन गर्नुपर्नेमा सो भएको पाइएन । यस वर्ष पाठ्यक्रमको मस्यौदा मात्र भई पाठ्यपुस्तक छपाई हुन नसकेकोले उद्देश्य अनुरुप कार्यक्रमले उपलब्धी हाँसिल हुन सकेन । तसर्थ पालिकाले स्थानीय पाठ्यक्रम विकास प्रक्रियामा स्थानीय विज्ञ, अभिभावक, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समिति समेतलाई सहभागी गराई स्थानीय सहभागिता सुनिश्चित नभएको साथै शैक्षिक सत्रको शुरुमै पाठ्यपुस्तक छपाई गरी कार्यान्वयन गर्नुपर्नेमा लेखापरीक्षण अवधि सम्म छपाई हुन नसकेकोले पाठ्यक्रम लेखन वापत भुक्तानी गरेको रकम अनियमित दखिएको रु.

| **गो.भौ. नं/ मिति** | **योजना/ कार्यक्रम** | **रकम** |
|---|---|---|
| ५७०।२०८०।३।१२ | पाठ्यक्रम निर्माणको लागि विज्ञहरुको पारिश्रमिक वापत भुक्तानी | ३६०,००० |
| ५७५।२०८०।३।१३ | स्थानीय पाठ्यक्रम निर्माण समितिको बैठक तथा पाठ्यक्रम टंकन | २९४,७९५ |
| ५८४।२०८०।३।१३ | पाठ्यक्रम प्रारम्भिक मस्यौदा तयारी वापत नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्रलाई भुक्तानी | २९९,४५० |
| **जम्मा** | | **९५४,२४५** |

| अनियमित भएको | ९,५४,२४५ |
|---|---|

## १९ निशुल्क पाठ्यपुस्तक वितरण

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा कक्षा १ देखि १० सम्म र कक्षा ११ र १२ लाई थप पाठ्यपुस्तक अनुदान दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक को रकम अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०८० बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालीकाले कक्षा १ देखि १० सम्मको पाठ्यपुस्तक कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा दिनुपर्नेमा प्रथम किस्ता ७५% गो.भौ.१२८।२०८०।१।११ बाट रु.२७५५१३३।- र पुनः थप निकासा गो.भौ.१८७।०८०।३।११ बाट रु.६५७९७१।— समेत कक्षा १ देखि १० सम्मको रु३४१३१०४।—विभिन्न १८ वटा विद्यालयहरुलाई मागका आधारमा निकासा दिएको र विभिन्न ४ माद्यमिक विद्यालयलाई रु=२३४७७६। समेत पाठयपुस्तक वापत कुल रु=३६४७८८०।— निकासा दिएको पाईयो । तर यसरी विद्यालयहरुलाई रकम निकासा दिंदा देहायका विद्यालयहरुलाई तोकिएको दररेट र पुस्तक बुझेको भर्पाई भन्दा रु=८६३४४।—बढि रकम निकासा दिएको पाईएकोले बढि निकासा रकम असूल गरी संघिय संचितकोष खातामा पठाउनुपर्ने देखिएको, रु.

| सि.नं | विद्यालयको नाम | दिनुपर्ने निकासा | निकासा गएको | बढि निकासा (कक्षा ७ र११) | कैफियत |
|---|---|---|---|---|---|
| १ | फर्साटिकर मा वि | ५०४८७५ | ५३३५२९ | २८६५४ | (कक्षा १—१०) |
| २ | फर्साटिकर मा वि | १००२३६ | ११९४५६ | १९२२० | (कक्षा१०र११ बढी दरमा) |
| ३ | भगलापुर मा वि | ४३८६० | ५१८३२ | ७९७२ | (कक्षा ११ र १२) |
| ४ | शिशै मा वि | ४६४६६ | ५०३४० | ३९४४ | (कक्षा ११ र १२) |
| ५ | बेलवा आ. वि . | १८९३९७ | २१५९५१ | २६५५४ | (कक्षा १—१०) |
| जम्मा | | | | ८६३४४।- | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८६,३४४ |

## २० शिक्षण सिकाई सामाग्री अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को २.८.२ मा विद्यालयको यकिन IMEIS तथ्यांकमा समाबेश विद्यार्थी संख्याका आधारमा कक्षा १देखि ५ सम्म अध्ययनरत विद्यार्थिलाइ प्रति विद्यार्थी रु १५०।का दरले कक्षा ६देखि ८ सम्म अध्ययनरत विद्यार्थिलाइ प्रति विद्यार्थी रु २००।का दरले कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थिलाइ प्रति विद्यार्थी रु २००।का दरले र कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थिलाइ प्रति विद्यार्थी रु २५०।का दरले शिक्षण सिकाई सामाग्री अनुदान वापत विद्यालयहरुलाई अनुदान दिने ऊल्लेख छ ।पालिकाले भौ नं १२५।२०८०।१।११ बाट १८ वटा सामुदायिक विद्यालयहरुलाई शिक्षण सिकाई सामाग्री वापत रु ३७५२०००। भुक्तानी खर्च लेखेकोमा IMEIS मा उल्लेखित विद्यार्थी संख्या

भन्दा बढी विद्यार्थी संख्याको आधारमा देहायका विद्यालयहरुलाई रु. २७८००।बढी भुक्तानी भएकोले सम्बन्धित विद्यालयबाट अशुल हुनु पर्ने रु

| सि.नं | विद्यालयको नाम | दिनुपर्ने निकासा | निकासा गएको | बढि निकासा (कक्षा ७ र११) | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिशै मा. वि. | २१०९५० | २२८५५० | १७६०० | कक्षा ९र१० मा बढी |
| २ | शंकर मा. वि. | १०२७५० | १०५१५० | २४०० | |
| ३ | गुरौलिया मा. वि. | १२८८५० | १३४८५० | ६००० | |
| ४ | जनता मा. वि. | ५२८०० | ५४६०० | १८०० | |
| **जम्मा** | | | | **२७८००।-** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,८०० |

२१ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७८।७९ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न १८ विद्यालयहरुमा प्रथम किस्ता गो.भौ.२३।०७९।६। बाट रु.१८२३५४५।-, दोस्रो किस्ता गो.भौ.८४।०७९।१०।१८ बाट रु.२३३३९६५।- तेस्रो किस्ता रकम निकासा गो.भौ.१३६।०८०।१।२१ बाट रु.२२७५३८०।— र चौथो किस्ता गो.भौ.१८६।०८०।३।११ बाट रु.१३०७७८५।— समेत बार्षिक रु.७७४०६७५।— विद्यालयलाई निकसा दिएकोमा देहायका विद्यालयमा पाउने भन्दा रु. बढी निकासा खर्च लेखेकोले सम्बन्धित विद्यालयबाट अशुल हुनु पर्ने रु.

| सि.नं | विद्यालयको नाम | दिनुपर्ने निकासा | निकासा गएको | बढि निकासा (कक्षा ७ र११) | कैफियत |
|---|---|---|---|---|---|
| १ | शंकर मा वि | ५३९७७८ | ५४८७७५ | ८९९६ | **१८३ दिनको भुक्तानी भएको** |
| २ | ज्ञानज्योती आ वि | ५९५८० | ६१०८० | १५०० | **बढी भुक्तानी** |
| **जम्मा** | | | | **१०४९६।-** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,४९६ |

२२ **ICT Lab**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत Digital Library व्यवस्थापनको लागि निम्न बमोजिम २ विद्यालयमा ICT Lab को कार्यक्रम सञ्चालन भएको पाइयो । सो सम्बन्धमा देखिएको व्यहोरा निम्न छन् ।

२२.१ (३९-२०८०-३-१४)ः

एउटै सामानको फरक मूल्यः भगलापुर माध्यमिक विद्यालय र फर्साटिकर माध्यमिक विद्यालयले ICT Lab कार्यक्रमको लागि श्री सिद्धबाबा कम्प्युटर, बुटवलबाट क्रमशः मिति २०८०।०२।३०,बिजक नं ६०६ र मिति २०८०।०२।०७, बिजक नं ५४७ बाट निम्न सामानहरु देहाय बमोजिमको मूल्यमा खरिद भएको पाइयो ।

| **सिं नं** | **सामानको नाम** | **विद्यालयबाट भुक्तानी रकम** | |
|---|---|---|---|
| | | **भगलापुर मा.बि** | **फर्साटिकर मा.बि** |
| १ | Interactive board with stand | ३२८७६१.०७ | ३४२४७७.८८ |
| २ | All in 1 pc (M62DM) | ९२९२०.३५ | १००८८४.९६ |
| ३ | Digital video content with LMS software | ८४७७८.७६ | ८४९५५.७५ |
| ४ | Pantium Printer | २६१०६.१८ | २६५४८.६७ |
| ५ | Cat 6 copper cable | १५४८६.७३ | १५०४४.२५ |
| ६ | Net link repater NL300R | २२१२.४० | २६५४.८७ |
| **जम्मा** | | ५५०२६५.४९ | ५७२५६६.३८ |
| **भ्याट** | | ७१५३४.५१ | ७४४३३.६३ |
| **कुल रकम** | | **६२१८००** | **६४७०००** |
| **फरक रकम** | | **२५२००** | |

यसरी एउटै सप्लायर्सबाट एउटै मोडलको सामान फरक फरक मूल्यमा खरिद गरेको पाइएकोले पालिकाबाट उक्त विद्यालयमा खरिद गरिएका सामानहरुको अनुगमन गरी एउटै प्रकृतिका सामान खरिद गरेको हो होइन एकिन गरी सो को प्रमाण पेश हुनुपर्ने अन्यथा बढी मूल्य भुक्तानी गरेको विद्यालयबाट रकम असुल हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,२०० |

२२.२ सामानको गुणस्तर परिक्षण नभएकोः शिक्षा तथा मानव स्रोत विकास केन्द्रले Digital Library व्यवस्थापनको लागि सबै विद्यालयमा एकै प्रकृतिको सामान खरिद गर्न स्पेशिफिकेसन तयार गरी सबै विद्यालयहरुलाई परिपत्र गरेको छ ।पालिकाका २ विद्यालयले Digital library का सामानहरु खरिदमा विद्यालयले सामानको बृस्तित स्पेशिफिकेसन तयार नगरेको, बिक्रेताले जारी गरेको बिजकमा सामानमा कम्पनीको नाम तथा स्पेशिफिकेसन उल्लेख नभएकोले तोकिएको स्पेशिफिकेसन बमोजिम

सामान खरिद भएको वा नभएको सम्बन्धमा प्राविधिकबाट तयार गरिने Inspection Report समेत संलग्न नभएको खरिद भएको सामान तोकिए बमोजिमको गुणस्तरको रहे नरहेको विषयमा एकिन हुन नसकिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १२,६८,८०० |

२३ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.३७३१०००।- तलब भत्ता भुक्तानी गरेको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३७,३१,००० |

२४ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई सामाग्री खरिद, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रू.

| **क्र सं** | **अनुदान प्राप्त गर्ने संस्था** | **अनुदान व्यहोरा** | **अनुदान रु.** |
|---|---|---|---|
| १ | खड्वा बनगाई सामुदायिक सिकाई केन्द्र | केन्द्रको व्यवस्थापनको लागि रकम भुक्तानी भएको | ३९०००० |
| २ | खड्वा बनगाई सामुदायिक सिकाई केन्द्र | कम्प्युटर तथा कम्प्युटर जन्य सामाग्री खरिद गरी हस्तान्तरण | १०६१४१५ |
| ३ | खड्वा बनगाई सामुदायिक सिकाई केन्द्र | परिचालक तलब र व्यस्थापन खर्च | १९७००० |
| ४ | जनता सामुदायिक सिकाई केन्द्र | परिचालक तलब र व्यस्थापन खर्च | १४३८१० |
| ५ | सौ फर्साटिकर सामुदायिक सिकाई केन्द्र | परिचालक तलब र व्यस्थापन खर्च | १९७००० |
| **जम्मा** | | | **१९८९२२५** |

| | |
|---|---|
| अनियमित भएको | १९,८९,२२५ |

२५ **गैरसरकारी संस्थामार्फत कार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । साथै, सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य मात्र गैर सरकारी संस्थाबाट गराउन सकिने व्यवस्था छ । तर कार्यालयको आफ्नै कर्मचारीबाट हुन सक्ने निम्न बमोजिमको काम गैर सहकारी संस्थाबाट गराएकोमा देहाय बमोजिमको कैफियत देखिन्छ ।

| **गो.भौ. नं/ मिति** | **संस्थाको नाम** | **कामको व्यहोरा** | **रकम** |
|---|---|---|---|
| ४६८।२०८०।२।२८ | फर्साटिकर सामुदायिक सिकाई केन्द्र | २ महिने सिलाइकटाइ तालिम | १६०,००० |
| ४८३।२०८०।२।२९ | लुम्बिनी विकास मञ्च | बालमैत्री तथा बाल अधिकार सम्बन्धी तालिम | ५०,००० |
| ४८९।२०८०।२।२९ | खडवा वनगाई सामुदायिक सिकाई केन्द्र | एड्भान्स सिलाई कटाई तालिम | २००,००० |
| ४९०।२०८०।२।२९ | खडवा वनगाई सामुदायिक सिकाई केन्द्र | एड्भान्स सिलाई कटाई तालिम | २००,००० |
| ५१८।२०८०।३।४ | सहर्ष बचत तथा ऋण सहकारी संस्था लि. | सहकारीका चुनौती समस्या र तिनका समस्या समाधान विषयक प्रशिक्षण कार्यक्रम | १००,००० |
| ५२८।२०८०।३।५ | विश्वकर्मा सेवा समाज | दलित महिलाहरूको लागी एक महिने सिलाई कटाई तालिम र ३ दिने कानूनी सचेतना कार्यक्रम | ३४९,००० |
| ५९९।२०८०।३।१४ | शुद्धोधन जेसिस | शैक्षिक अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम | १५०,००० |
| **जम्मा** | | | **१,२०९,०००** |

सैद्धान्तिक बेरुजु

२६ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक

आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले रु. ६३१७००२।-मूल्य बराबरको विभिन्न मालसामान खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिद गरेको देखिएको छ ।नियममा भएको व्यबस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ । नमुना परीक्षण गर्दा सोझै खरिद गरिएका केही उदाहरणहरू देहाय बमोजिम छन् :

| भौचर नं/ मिति | विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ४२।२०७९।६।६ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | युनिभर्सल जनरल सप्लायर्स | १५२८०८ |
| १५१।२०७९।९।११ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | सनटेक सोलार सोलुसन | ३०३००० |
| १५३।२०७९।९।१२ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | शिशिर ईन्टरप्राइजेज एण्ड सप्लायर्स | २७४००० |
| १६६।२०७९।९।२० | मसलन्द तथा कार्यालय सामाग्री खरिद | पार्गन इन्टरनेशनल ट्रेड सप्लायर्स | २८४२६३ |
| २५०।२०७९।१०।२५ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | शिशिर ईन्टरप्राइजेज एण्ड सप्लायर्स | ४०७६७५ |
| ३५९।२०७९।१।११ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | लोयल कम्प्युटर सप्लायर्स | ३१८३२१ |
| ४३४।२०८०।२।९ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | उत्सव फर्निचर एण्ड फर्निसिङ्ग | २८७८११ |
| ४५२।२०८०।२।२१ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | सनटेक सोलार सोलुसन | ६८४०० |
| ४८७।२०८०।२।२९ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | इलेक्ट्रिकल एण्ड आई टि ट्रेडर्स | ३४६८३८ |
| ४९३।२०८०।२।२९ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | द ड्रिम ट्रेड एण्ड सप्लायर्स | ३०१९१३ |
| ५४०।२०८०।३।८ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | सनटेक सोलार सोलुसन | ९१२०० |
| ६५६।२०८०।३।२१ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | फैज इन्टरनेश्नल | १५२४६१ |
| ६५६।२०८०।३।२१ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | अन्जल प्रिन्टर्स | ९३,७९० |
| ६८९।२०८०।३।२२ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | प्रकाश अफसेट प्रेस | १८७,५८० |
| ४२।२०७९।६।६ | स्टेशनरी खरिद | युनिभर्सल जनरल सप्लायर्स | १५२८०८ |
| १२०।२०७९।०८।२८ | फाइल छपाई | सनराईज प्रिन्टर्स | ३३९००० |
| १५२।२०७९।०९।११ | स्प्रे टंकी खरिद | आशिष एग्रोभेट सेन्टर | ३०७२०० |
| १५३।२०७९।०९।१२ | ल्यापटप प्रिन्टर खरिद | शिशिर इन्टरप्राइजेज एण्ड सप्लायर्स | २७४००० |

| | | | |
|---|---|---|---|
| १६६।२०७९।०९।२० | स्टेशनरी सामान खरिद | पार्गन इन्टरनेशनल ट्रेड सप्लायर्स | २८४२६३ |
| २४३।२०७९।१०।२२ | कार्टेज तथा अन्य विद्युतीय सामान खरिद | लुम्बिनी कम्प्युटर इन्टरप्राइजेज | २१२४४० |
| २४४।२०७९।१०।२२ | अनुसुची छपाई | सनराइज प्रिन्टर्स | १३०८५४ |
| २५०।२०७९।१०।२५ | ल्यापटप प्रिन्टर एण्ड प्रोजेक्टर खरिद | शिशिर इन्टरप्राइजेज एण्ड सप्लायर्स | ४०७६७५ |
| २६४।२०७९।११।८ | प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि सामान खरिद | फोरसाइट टेक्नो ट्रेडर्स एण्ड प्रा.लि | २५६३४० |
| ३५९।२०८०।०१।११ | ल्यापटप तथा मोनिटर खरिद | लोयल कम्प्युटर्स सप्लायर्स | ३१८३२१ |
| ३०।२०७९।०५।३० | गा.पा विकास योजना छपाई | आइडिया डिजाइनर्स एण्ड अफसेट प्रा.लि | 364041 |
| जम्मा | | | ६३१७००२ |

सैद्धान्तिक बेरुजु

### २७ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

### २८ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२९ **उपभोक्ता समितिलाई व्यवस्थापन खर्च अनुदान**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्ने र साथै नियम १५ बमोजिम हस्तान्तरित आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोक्न सक्नेछ र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नु पर्नेछ । पालिकाले नियमावलीको उक्त प्रावधान विपरीत देहाय बमोजिमको जल उपभोक्ता समितिलाई योजना संचालन तथा व्यवस्थापन खर्च वापत रु. ६५१८०५।— भुक्तानी गरेको रकम अनियमित देखिएको रु.

| **भौचर नं/ मिति** | **फर्मको नाम** | **भुक्तानी रकम** |
|---|---|---|
| ४१८।२०८०।२।४ | जल उपभोक्ता समुह वेल नं ३३ | १००००० |
| ४१८।२०८०।२।४ | जल उपभोक्ता समिती वेल नं ३२ | १००००० |
| ४१८।२०८०।२।४ | जल उपभोक्ता समिती वेल नं ३५ | १००००० |
| ४१८।२०८०।२।४ | जल उपभोक्ता समिती वेल नं ३१ | १००००० |
| २२९।२०७९।१०।१८ | जनकपुर दुर्गा मन्दिर जल उपभोक्ता समिती | १३८५ |
| २२९।२०७९।१०।१८ | जल उपभोक्ता समिती बेल नं १ | २०००० |
| २२९।२०७९।१०।१८ | जल उपभोक्ता समिती बेल नं १५ | २७२० |
| २२९।२०७९।१०।१८ | जल उपभोक्ता समिती बेल नं २१ | २०००० |
| २२९।२०७९।१०।१८ | जल उपभोक्ता समिती बेल नं २३ | २०००० |
| २२९।२०७९।१०।१८ | जल उपभोक्ता समिती बेल नं २६ | २०००० |
| २२९।२०७९।१०।१८ | जल उपभोक्ता समिती बेल नं ३३ | २०००० |
| २२९।२०७९।१०।१८ | जल उपभोक्ता समिती बेल नं ३४ | १९२८० |
| २२९।२०७९।१०।१८ | जल उपभोक्ता समिती बेल नं ५० | २०००० |
| २२९।२०७९।१०।१८ | जल उपभोक्ता समिती बेल नं ५३ | १२४४० |
| ४२७।२०८०।२।९ | जल उपभोक्ता समिती वेल नं ३५ | २०००० |
| ४२७।२०८०।२।९ | जल उपभोक्ता समिती वेल नं ३६ | २०००० |
| ४२७।२०८०।२।९ | जल उपभोक्ता समिती वेल नं ३१ | २०००० |

| | | |
|---|---|---|
| ४२७।२०८०।२।९ | रमवापुर डिप ट्युवेल जल उपभोक्ता समिती | १५९८० |
| ४२९।२०८०।३।५ | जल उपभोक्ता समिती प. सखुवानी | २०,००० |
| **जम्मा** | | **६५१,८०५** |

| | |
|---|---|
| अनियमित भएको | ६,५१,८०५ |

३० **उपभोक्ता समितिबाट वडा कार्यालयको भवनको मर्मत तथा स्तरोन्नति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र उपनियम १२ अनुसार उक्त निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार वा अन्य सरकारी निकायले उपभोग गर्ने, हक भोग नहुने र उपभोक्ता समितिलाई आयोजनाको स्वामित्व हस्तान्तरणा नहुने भवन लगायतका अन्य संरचनाहरू उपभोक्ता समितिबाट निर्माण गर्ने गरी सम्झौता गरेको पाइयो । पालिकाले गो.भौ.नं. ५६८।२०८०।३।१२ बाट २ नं. वडा कार्यालयको भवनको मर्मत तथा स्तरोन्नति गर्न त्यसबाट प्रत्यक्ष लाभ प्राप्त नहुने अवस्थामा लाभग्राही समुदायसँग रु.१७१६२।- जनश्रमदान सहित सम्झौता एवं कार्य सम्पन्न गरी रु.९६९९०।- भुक्तानी गरेको पाइयो ।यसरी वडा कार्यालयको भवनको मर्मत तथा स्तरोन्नति जस्तो लाभग्राही समुदायले प्रत्यक्ष लाभ लिन नसक्ने विषयमा समेत जनश्रमदान सहित निर्माण कार्य उपभोक्ता समितिबाट गराउनु नियमसंगत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९६,९९० |

३१ **मेसीनरी सामान मर्मत**

लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयको नाममा रहेका सवारी साधन, मेशिनरी औजार, फर्निचर तथा अन्य निर्मित सम्पत्तिको मर्मत सम्बन्धी कार्य गर्दा PAMS मा स्वीकृत मर्मत आदेश अनुसार सम्बन्धित कर्मचारीले अनुमानित लागतमा आधारित मर्मत निवेदन तयार गर्ने र सवारी मर्मतको हकमा म.ले.प.फा.नं. अद्यावधिक गरेर मात्र पेश गर्ने र कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराउनुपर्ने व्यवस्था छ।तर यस पालिकाले सो प्रक्रिया बेगर सवारी साधन, मेशिनरी औजार र फर्निचर मर्मत गराई सोझै बिल भरपाईका आधारमा रु.१४०००००। भुक्तानी खर्च लेखेको पाइयो। मर्मत सम्भार गर्दा व्यवस्था भए बमोजिम PAMS मा मर्मत आदेश तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराएर मात्र मर्मत तथा भुक्तानी गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

### ३२ जटिलसंरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| सि.नं | उपभोक्ता समितिको नाम | लागत अनुमान रकम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | झावरको घर देखि लहुरी लोधको घर सम्म बाटो पि सी सि ढलान | ३००००० | ३००००० |
| २ | बुद्धसर्किट देखि भगतपुरभाठा बाटो कालोपत्रे | १५००००० | १४२२४५० |
| ३ | कृष्ण मन्दिर देखि पूर्व दुर्गा मन्दिर सम्म पि.सी.सी ढलान | ४००००० | ४००००० |
| ४ | बोग्दियाको ट्रान्सफर्मर देखि पूर्व खोला सम्म ग्राभेल | २००००० | २००००० |
| ५ | शिशै गाउँ चोक देखि घुम्ति हुदै लुम्विनी रोड सम्म आर सी.सी. ढलान | ४००००० | ४००००० |
| ६ | अधुरो पि.सी.सी ढलान - भोलाको घर देखी मोहरतको घर सम्म | ४००००० | ४००००० |
| ७ | सेमरहनी टोल देखी बेलहिया चोक सम्म पि.सी.सी ढलान | ४००००० | ४००००० |
| ८ | खेदन लोनियाको घरदेखी सन्तराम लोनियाको घरसम्म सडक पि.सी.सी ढलान | ४००००० | ४००००० |
| ९ | दिशा निर्देश वालविकास केन्द्रमा पि.सि.सि ढलान | १५०००० | १४६१६ |
| १० | शंकर मा वि सडक देखि उत्तर तर्फ सडक | १००००० | ९४०३० |
| ११ | रामेश्वर खेलमैदान जाने सडक कालोपत्रे | १०००००० | ९९४९०० |
| १२ | वडा कार्यालय जाने सडक कालोपत्रे (परिवर्तन) ढलान | १०००००० | ९२९९०० |

सैद्धान्तिक बेरुजु

### ३३ आवास पूनः निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरीत सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सुरक्षित टिनको छाना छाउने कार्य गर्न वडाबाट ९२ जना छनौंट भएका व्यक्तिहरुसँग सम्झौता गरी जनालाइ प्रथम किस्ता वापत रु.४१४००००।— भुक्तानी गरेकोमा ९१ जना लाभग्राहीले मात्र दोस्रो किस्ता वापत रु-२७३००००।— भुक्तानी लगि निर्माण कार्य सम्पन्न गरेकोले १ जना लाभग्राहीले

दोस्रो किस्ता वापतको रकम लिन नआएकोले प्रथम किस्ता वापत रु. ४५००० ।— अनुदान उपलव्ध गराएकोमा दोस्रो किस्ता वापत भुक्तानी लिन नआएकोले बाँकी रहेको किस्ता भुक्तानी लगि प्राविधिकको कार्यमूल्याङ्कन तथा कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००० |

३४ **अनुगमन मुल्यांकन**

स्थानिय तह कार्य सञ्चालन निर्देशिकामा गाँउपालिका भित्र सञ्चालन भएका रु.५००००० ।— भन्दा माथीका आयोजना तथा कार्यक्रमहरु उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी भुक्तानीको लागि सिफारीस गर्नु पर्ने व्यवस्था रहेको छ । गाँउपालिकाबाट भुक्तानी भएका विद्यालय भौतिक निर्माण,मोटरबाटो निर्माण, नमुना विद्यालय निर्माण,कृषि ,पशु अनुदान लगायत उपभोक्ता समुहबाट भए गरेका कामहरु के कस्तो अबस्थामा निर्माण सम्पन्न भएका छन सो को गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी भुक्तानीको लागि सिफारिस गर्नु पर्नेमा अधिकांश अनुगमन संयोजकको उपस्थितमा गरीएको र अनुगमन प्रतिवेदनमा कुनै पनि व्यहोरा उल्लेख नगरेको तथा कतिपय निर्माण कार्य सम्पन्न भएको भनिएता पनि अनुगमन प्रतिवेदनमा निर्माणको क्रममा रहेको भनि उल्लेख भएकोले अनुगमन केवल औपचारिकतामा मात्र सिमित रहेको पाईयो । कानुनमा भएको व्यबस्था अनुसार स्थलगत रुपमा अनुगमन गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाई यथार्थ र सार्थक रुपमा अनुगमन गरीनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३५ **भरपाई संलग्न नभएको** (१०४-२०७९-८-९):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो रकम पुष्टी हुने बिल, भरपाई, प्रमाण, कागजात संलग्न राख्नुपर्ने व्यवस्था छ । पालिकाले परजिवी नियन्त्रण कार्यक्रमको लागि खनाल भेट सेन्टरबाट रू.३९९९०६/- रकम बराबरको सामान खरिद गरेको तर सो कृषकलाई वितरण गरेको भरपाई संलग्न नराखिएकोले सो रकम अनियमित देखिएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९९,९०६ |

३६ **खानेपानी पाइपलाइन विस्तार**

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट सञ्चालन हुने खानेपानी योजनाहरुमा पाइप लाइन विस्तारको लागत उपभोक्ता समितिले व्यहोर्ने गरी लागत अनुमान तयार गरी योजनाको भुक्तानी हुने गरेको छ । पालिकाबाट सञ्चालन भएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत खानेपानी योजनाको पाइपलाइन विस्तार वापत रू.२२१३६७९/- भुक्तानी गरेकोमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट सञ्चालन भएका योजनाहरुमा उक्त योजनाको निर्माण सम्झौतामा उपभोक्ताको योगदान वापत पाइपलाइन विस्तारको कार्य जनश्रमदानबाट हुने गरी सम्झौता गरि योजना सम्पन्न हुने गरिएकोमा पालिकाबाट सम्पन्न गरिएको देहायको खानेपानी योजनाहरुको पाइपलाइन विस्तार वापत रू.२२१३७६९ ।— भुक्तानी खर्च लेखेकोमा उक्त योजनाहरुको पाइपलाइन विस्तारको कार्य खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयबाट हुन सक्ने भएकोले उक्त योजनाहरुको पाइपलाइन विस्तारको कार्य दोहोरो पर्ने सम्भावना रहेकोले पालिकाले सञ्चालित खानेपानी योजना दोहोरो परे नपरेको एकिन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | १५ सैया अस्पताल निर्माण | ईको ईनोभेटीभ ईन्जिनियरिङ्ग प्रा.ली | ९५०००० | ९४७८७२ | १८५०३९७०० |
| २ | शुद्धोधन पार्क देखी दरवाहा मन्दिर सम्मको पैदल यात्री पुल निर्माण कार्य | जय दुर्गा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | ४९९३१९.४ | ४८८१६० | ४२००९००४.८ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

सैद्धान्तिक बेरुजु

३८ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३९ **पूर्वनिर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । देहाय बमोजिमका ठेक्काका निर्माण व्यवसायीसँग सम्झौताको निर्माण कार्यको लागि गरेका सम्झौतामा तोकिएको म्यादभन्दा ढिलाइ गरी कार्य सम्पन्न भएको देखियो । खरिद सम्झौताको शर्तअनुसार

तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन । खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्य गर्ने निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति घटी असुल गरेकोले सो रकम असुल निज निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| ठेक्का नं | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | ढिला सम्पन्न गरेको दिन | लाग्ने क्षतिपूर्ति | कट्टी गरेको क्षतिपूर्ति | नपुग क्षतिपूर्ति |
|---|---|---|---|---|---|---|---|
| SQ/SRM/५/७७/७८ | विङ्स बिल्डर्स कम्पनी प्रा. लि. | ५६८०६७।१६ | २०७८।३।१५ | १०९ | ३१९४० | २८२६६ | ३६७४ |
| SQ/SRM/६/७७/७८ | विङ्स बिल्डर्स कम्पनी प्रा. लि. | ५७०६६४।१३ | २०७८।३।१५ | १०९ | ३११०१ | २७७२० | ३३८१ |
| NCB/SRM/११/०७८/७९ | बागेश्वरी निर्माण सेवा | २३४८१३८।५० | २०७९।१।३० | ८२ | ९६२७३ | ८४१०९ | १२१६४ |
| **जम्मा** | | | | | | | **१९२१९** |

| असुल गर्नुपर्ने | १९,२१९ |
|---|---|

४० **कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

४१ **ठेक्का व्यवस्थापन**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र निर्माण सामग्री

उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई ध्यान दिनु पर्ने एवं कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही शुरु गर्न नहुने व्यवस्था रहेको छ । बिभागबाट चालु आ.ब.मा ठेक्का बन्दोबस्त गरेको बिबरण देहाय बमोजिम रहेको छः

| **विवरण** | **ठेक्का संख्या** | | | | | **कुल सम्झौता संख्या** |
|---|---|---|---|---|---|---|
| | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **असार महिना** | |
| ठेक्का तर्फ | ० | १ | १२ | ११ | १ | २५ |
| उपभोक्ता समिति तर्फ | १० | ४२ | ५२ | ९१ | ७ | २०२ |

उल्लेखित विवरणमा चौथो त्रैमासिकमा समेत सम्झौता भएको देखियो । अतः पालिकाले समयमै निर्माण कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४२ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।

सैद्धान्तिक बेरुजु

४३ **नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट निम्न निर्माण व्याबसायी तथा सप्लायर्सलाई निर्माण सामाग्री वापत बिजक रकम रु. २९१५५१०। मुल्य अभिवृद्दि कर समेत भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्मले कर विवरण नबुझाई तथा कर चुक्ता नगरी नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले मुल्य अभिवृद्दि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा अशुल हुनु पर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | विल रकम | मू.अ.कर रकम | ७०- प्रतिशत मू.अ.कर |
|---|---|---|---|---|
| १८।०८०।१।२६ | पन्त निर्माण सेवा ठे.नं.०९।०७९।८० | २७८३७३.५१ | ३६१८८.५६ | २५३३२ |
| ५२।०८०।३।२४ | पन्त निर्माण सेवा ठे.नं.०९।०७९।८० | २३०१७२४।१८ | २९९२२४= | २०९४५७ |
| | जम्मा | | | २३४७८९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३४,७८९ |

४४ **वीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको, कम अवधिको विमा गराएको, विमांक रकम कम गराएको तथा तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण म्याद थप गरी निर्माण कार्य भइरहेको एवं कतिपय ठेक्काको निर्माण कार्य सम्पन्न भइ त्रुटी सच्याउने अवधि रहेकोले उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ एवं कम अविधको विमा गराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ त्रुटी सच्याउने अवधि सम्मको वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायी | सम्झौता रकम | विमांक रकम | कैफियत |
|---|---|---|---|---|
| सैनामैना—टिकरा—परौता भाटा सडक कालोपत्रे (ठेक्का नं-०४।०७९।८०) | तारा यु.के. कन्ष्ट्रक्शन क.प्रा.ली.. | ७६८२६७१।९० | १०१३५०७२ | घटी अवधिको विमा गरेको |
| वडा नं.२ र ५ मा (ठेक्का नं-०९।०७९।८०) | पन्त निर्माण सेवा | ४१७१३३८।१५ | नगरेको | विमा नगरेको |
| | | | | निर्माण कार्य बाँकी रहेको |
| मानपकडी कुवाँरी बबनी सडक कालोपत्रे (ठेक्का नं-०६।०७९।८०) | | ६६१५६००।४६ | नगरेको | विमा नगरेको |
| | अभियन्ता कन्ष्ट्रक्शन प्रा.लि. | | | निर्माण कार्य बाँकी रहेको |
| | | ३५९०४९०।११ | नगरेको | विमा नगरेको |

| | | | | |
|---|---|---|---|---|
| जनता मा.वि. ४ कोठे भवन निर्माण (ठेक्का नं-१३।०७९।८०) | सुनिस कन्ष्ट्रक्शन स्याङजा | | | निर्माण कार्य बाँकी रहेको |
| किसुली चोकदेखि सिसै मा.वि. हुँदै परौता भाटा पुल सम्म सडक कालोपत्रे(ठेक्का नं-०६।०७७।७८) | निम कन्ष्ट्रक्शन क.प्रा.लि. तिलोत्तमा | ६९५०७८४।२२ | नगरेको | विमा नगरेको |
| | | | | निर्माण कार्यको त्रुटि सच्याउने अवधि बाँकी रहेको |

सैद्धान्तिक बेरुजु

**४५ ठेक्का अभिलेख**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मानिर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म.ले.प.फा.नं.५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

**४६ भगलापुर मा.वि. भवन निर्माण**

भगलापुर मा=वि= भवन निर्माण— भगलापुर मा=वि=५ को भवन निर्माणको लागि लागत अनुमान रु. १२०००००० तयार गरीएकोमा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी दिर्घायु कन्ष्ट्रक्शन एण्ड सप्लायर्स प्रा लिसँग मिति २०८०।२।३२ भित्र निर्माण कार्य सक्ने गरी २०७९।९।३ मा रु.८७१८३७८।१५ को सम्झौता गरी रु=७५३९३३७।—मा सम्पन्न गरेको छ । उक्त निर्माण व्यबसायीले तोकिएको समयमा निर्माण कार्य नसक्ने उल्लेख गरी मिति २०८०।२।८ मा पालिकामा २०८०।३।२८ सम्म म्याद थपको लागि निवेदन पेश गरेकोमा कार्यालयमा मिति २०८०।२।९ मा म्याद थपको निवेदन दर्ता भएकोमा कार्यालयबाट म्याद थप भएको छैन। कार्यालयबाट म्याद थप नभएकोमा उक्त निर्माण व्यावसायीले मिति २०८०।२।१५ मा अन्तिम विल भुक्तानीको लागि निदेदन लेखेकोमा पालिकामा दर्ता नगरेको तर पालिकाबाट मिति २०८०।३।१६ मा भुक्तानीको लागि तोक आदेश लगाएको छ । साथै कार्य सम्पन्न मिति कहिं कतै उल्लेख गरेको छैन । अन्तिम विल वापतको रकम भौ नं ४६।२०८०।३।२३ बाट रु=२०५२२२४। भुक्तानी गरर्को र नापी किताबमा मिति २०८०।३।५ उल्लेख गरेको छ। समयमा काम सम्पन्न हुन नसक्ने जनाई निर्माण व्यावसायीले म्याद थपको लागि निदेदन पेश गरेकोमा कार्यालयबाट म्याद थप समेत नभएको र निर्माण कार्य सम्पन्न गरेको मिति कुनै पनि कागजातबाट खुल्न नआएकोले उक्त निर्माण कार्य कुन मितिमा सम्पन्न भएको हो एकिन हुन नसकेकोले पालिकाबाट निर्माण सम्पन्न भएको मिति एकिन गरी यदि तोकिएको समय अवधि भन्दा ढिला गरी निर्माण सम्पन्न भएको भएमा पूर्व निर्धारित क्षतिपूर्ति अशुल हुनु पर्ने देखिएको ।

| सैद्धान्तिक बेरुजु |
|---|

४७ **पूर्वनिर्धारित क्षतिपूर्ति** (५-२०७९-९-२८):
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणबाट खरिद सम्झौता बमोजिमको काम सम्झौता मितिमा सम्पन्न गर्न नसकेमा निजले सार्वजनिक निकायलाई १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतको दरले पूर्वनिर्धारित क्षतिपूर्ति रकम दिनुपर्ने व्यवस्था छ । पालिकाको भगलापुर मा.बि निर्माणबापत जनक जननी कन्स्ट्रक्सन प्रा.लि ले मिति २०७९।०७।३० कार्यसम्पन्न गर्नुपर्नेमा मिति २०७९।०८।२० मा कार्यसम्पन्न गरी भुक्तानी माग गरेकोले सो कन्स्ट्रक्सनलाई २० दिनको रू. ४१३११/- क्षतिपूर्ति रकम लगाएको छ । खरिद नियमावलीबमोजिम सम्झौता रकम रु.४८०८०५९.८४ को ०.०५ प्रतिशतको दरले २० दिनको क्षतिपूर्ति रकम रू.४८०८१/- हुनुपर्नेम कम जरिवाना लगाएकोले बाँकी रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रू.

| असुल गर्नुपर्ने | ६,७७० |
|---|---|

४८ **मूल्य अभिवृद्धि कर समायोजन**
मूल्य अभिवृद्धि कर नियमावली, २०५२ मा तोकिएको ढाँचामा बिजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कल्भर्ट निर्माण वापत सुनिस कन्स्ट्रक्सन वालिङ-१ स्याङजालाई रू.८७६००३/- भुक्तानी गरेकोमा उक्त निर्माण व्यवसायीले मिति २०८०।०३।२४ मा जारी गरेको बिजक नं-२६ हातले लेखेको निजले जारी गरेको बिल रकम रू.७७५२२४।६४ मू.अ.कर १००७७९।२० समेत रू.८७६००३।०५ मा मू.अ.कर वापत भुक्तानी गरेको मू.अ.कर वापत रकम (७०%) रू.७०५४५।४४ सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर वापतको रकम असुल हुनुपर्ने रू.

| प्रमाण पेश नगरेको | ७०,५४५.४४ |
|---|---|

४९ **दोहोरो सडक निर्माण ठेक्का**
पालिकाले भगलापुर किसान इँटा भट्टी देखि सियारी गा.पा सम्म सडक कालोपत्रे चेनेज नंः ०+००० देखि ०+९३० सम्म ९३० मिटरको सडक निर्माणको लागि रू.१०९८३२३५।४० को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी पोखेल निर्माण सेवासँग मिति २०८०।०३।१० भित्र काम सक्ने गरी मिति २०७९।१२।५ मा रू.८२५५३५२।३८ को सम्झौता गरेकोमा यस आर्थिक बर्षमा रू.३२८०६०१।६४ भुक्तानी खर्च लेखेको छ । यस सम्बन्धी अन्य व्यहोरा निम्न छन् ।
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थलको सुनिश्चितता नगरी निर्माण कार्यको ठेक्का स्वीकृत गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले उक्त सडक निर्माणको लागि २०७९।९।२० मा बोलपत्र सूचना आह्वान गरी घटी कबोल गर्ने पोखेल निर्माण सेवाको कबोल अंक रू.८२५५३५२।३८को बोलपत्र मिति २०७९।११।२१ मा स्वीकृत पश्चात २०८०।०३।१० भित्र निर्माण कार्य सक्ने गरी सम्झौता गरेको, सो निर्माण सेवाले निमार्ण कार्य सुरु गरी दोस्रो रनिङ बिलसम्म रू.३२८०६०१।६४ मूल्य बराबरको २९८.५० मिटर लम्बाई बाटो आस्फाल्ट निर्माण कार्य सम्पन्न गरेको प्राविधिक मूल्याङ्कन भएको छ । यसरी पालिकाबाट निर्माण कार्यको बोलपत्र स्वीकृत भई सम्झौता गरी निर्माण कार्य गर्नको

लागि निर्माण व्यवसायीले मिति २०७९।१२।२१ मा साइड एकिन गरी निर्माण स्थल उपलब्ध गराई दिनको लागि पालिकामा पत्राचार गरेकोमा पुनः उक्त निर्माण व्यवसायीले २०८०।०१।०६ मा निर्माण स्थाल उपलब्ध गराइदिने सम्बन्धमा पालिकामा पत्राचार गरी सहयोग माग गरेको पाइयो । साथै उक्त स्थानमा आ.ब २०७६।७७ मा पालिकाबाट नै लगभग ८४० मिटर लम्बाई मोटरबाटो पिच गरी उक्त बाटोमा रू.५२७४३७०/- खर्च लेखी सकेकोमा पुनः उक्त मोटरबाटो निरन्तरता भनि यस आ.ब मा ठेक्का आह्वान गरी निर्माण कार्य भईरहेको अवस्थामा सोही मोटरबाटो निर्माणको लागि पूर्वाधार विकास कार्यालय रुपन्देहीबाट ठेक्का आह्वान गरी निर्माण कार्य भईरहेकोले पालिकाबाट भएको निर्माण कार्यको सम्झौता अन्त्य गर्नको लागि प्रक्रियामा रहेको पाइयो । एउटै बाटो निर्माणको लागि दुईवटा निकायबाट ठेक्का आह्वान गरी निर्माण कार्य हुँदा दोहोरो भुक्तानी हुने सम्भावना रहेकोले निर्माणस्थलको टुँगो लगाएर एक निकायबाट मात्र ठेक्का आह्वान गरिनुपर्छ । साथै उक्त मोटरबाटो निर्माणको लागि पालिकाबाट भएको निर्माण सडक पूर्वाधार कार्यालयबाट तयार गरिएको लागत अनुमानमा उक्त परिमाण समाबेश हुने भएकोले उक्त आइटम दोहोरो परेको नपरेको सम्बन्धमा पालिकाबाट एकिन गरिनुपर्छ । साथै आगामी दिनमा पालिकाबट निर्माण कार्य गर्दा निर्माण स्थलको सम्बन्धित पक्षसँग छलफल गरि निर्माण कार्यको एकिन भएपश्चात मात्र ठेक्का आह्वान गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **मानपकडी कुँवारी ववनी सडक कालोपत्रे**

पालिकाले मानपकडी कुँवारीववनी सडक कालोपत्रे सडक (ठेक्का नः ०६।०७८।०७९) निर्माणको लागि रू.१०००००००/-को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्धारा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी अभियन्ता कन्स्ट्क्सन प्रा.लि बुटवलसँग मिति २०७९।०२।१५ भित्र निर्माण कार्य सक्ने गरी मिति २०७८।०९।२१ मा रू.६६१५६००।४६ को निर्माण सम्झौता भएकोमा हालसम्म रू.१५०५३९२/- भुक्तानी खर्च लेखेको छ । यस सम्बन्धी अन्य व्यहोरा निम्न छन् ।

५०.१ **पेश्की जोखिममा रहेको** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की भुक्तानी र फर्छ्यौट सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले उक्त निर्माण व्यवसायीलाई कृषि विकास बैंक खस्यौली शाखाको रू= ११५७६२९। पेश्की जमानत रादी पेश्की दिएकोमा लेखापरीक्षण अवधिसम्म उक्त पेश्की जमानतको अवधि समाप्त भएको र पेश्की रकम रु=११५००००। फछ्र्यौट नगरी बाँकी रहेको र आ.ब २०७९।८० मा उक्त सडकको निर्माण कार्य नभएको र भुक्तानी समेत नभएकोले पेश्की वापत उपलब्ध गराएको रकम जोखिममा रहेकोले उक्त पेश्की वापतको असुल हुनुपर्ने रकम रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,५०,००० |

५०.२ **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा १२० मा खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था बमोजिम तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकेमा आधार र कारणसहित म्याद समाप्त हुनु २१ दिन अघि निर्माण व्यवसायीले सार्वजनिक निकायमा म्याद थपको लागि निबेदन दिनुपर्ने व्यवस्था छ । पालिकाले उक्त निर्माण व्यवसायीले थप भएको म्याद २०७९।०८।३० भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न नभएको र निर्माण व्यवसायीले म्याद थपको लागि माग नगरेको र पालिकाबाट म्याद थप भएको छैन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५०.३ **निर्माण कार्य अलपत्र परेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण व्यवसायीले तोकिएको सम्झौता बमोजिम तोकिएको अवधिमा निर्माण कार्य सक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट उक्त बाटोको निर्माण कार्य गर्नको लागि २०७९।०८।३० सम्मको म्याद उपलब्ध गराएकोमा तोकिएको अवधिसम्म उक्त बाटोको रू.१५०५३९२/- मूल्य बराबरको मात्र निर्माण कार्य सम्पन्न गरेको छ । हालसम्म उक्त निर्माण सववेस, ग्रेडिङ, अर्थ फिलिङ,ह्युम पाईप राख्ने काम मात्र सम्पन्न गरी न्यून प्रगति रहेको र बाँकी रू.५११०२०८/- मूल्य बराबरको निमार्ण कार्य हुन बाँकी रहेको छ । निर्माण कार्यको म्यादथप समेत नभएको अवस्थामा बाँकी निर्माण कार्य नियमावलीको नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई सम्पन्न गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१ **बिओक्यू बाहिरको भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण व्यवसायीलाई ठेक्का सम्झौता बमोजिम बिल अफ क्वान्टिटीको मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले फर्सांटिकर मा.बि को सिभिल इन्जिनियरिङ ब्लक भवन निर्माण वापत लोहनी एण्ड ब्रदर्श नारायण जे.भी लाई अन्तिम बिल रू.१०२४४३२५/- भुक्तानी गर्दा BOQ आइटममा नपरेको विद्युत महसुल र मिटर बक्स चार्ज वापत रू.६२७३/- भुक्तानी गरेकोमा BOQ आइटममा नपरेको रकम निर्माण व्यवसायीलाई भुक्तानी गरेकोले असुल हुनुपर्ने रकम रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,२७३ |

५२ **शुद्धोधन पार्क निर्माण**

पालिकाले वडा नं ५ दरवहवामा शुद्धोधन पार्क निर्माणको लागि रू.४३०२९४९।१३ को लागत अनुमान तयार गरी जितनारायण थारुको अध्यक्षतामा गठित शुद्धोधन पार्क निर्माण उपभोक्ता समितिसँग मिति २०७८।१२।३० भित्र निर्माण कार्य सम्पन्न गर्नेगरी मिति २०७८।०४।२७ मा रू=४३०२९४९।१३ को निर्माण सम्झौता भएकोमा उक्त उपभोक्ता समितिले तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न गर्न नसकेकोले गाँउ कार्यपालिकाको निर्णयले २०७९।०६।३० सम्म म्याद थप गरेको र २०७९।०६।०५ मा रू.३६१७३५४।२५ को निर्माण कार्यसम्पन्न पेश भएको छ । यस सम्बन्धी अन्य व्यहोरा निम्न छन् ।

५२.१ **बढी भुक्तानीः** शुद्धोधन गाँउपालिकाको ११ औं गाँउसभाबाट पारीत निर्णयानुसार यसा गाँउपालिका अन्तर्गत उपभोक्ता समिति मार्फत गरिने योजनाको निर्माण कार्यमा उपभोक्ताको योगदान १५ प्रतिशत रहने गरी योजना स्वीकृत हुनुपर्ने उल्लेख गरिएको छ । पालिकाले उक्त पार्क निर्माण वापत रू.३६१७३५४/- को निर्माण सम्पन्न प्रतिबेदन पेश भएकोले उपभोक्ताको योगदान रू.५४२६०३/- कट्टा गरी बाँकी ८५ प्रतिशतले हुने रकम रू=३०७४७५१/- भुक्तानी हुनुपर्नेमा रू.३२१७७००। भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रू=१४२९४९. अनियमित देखिएको

| | |
|---|---|
| अनियमित भएको | १,४२,९४९ |

५२.२ **अन्य निकायबाट खर्चः** यस पार्क निर्माणको लागि पर्यटन डिभिजन कार्यालयबाट समेत आ.ब २०७९।८० मा रू.४८००००. पार्क मर्मत सम्भार वापत भुक्तानी खर्च लेखेकोले उक्त पार्कको लागत मुल्य रू.३६१७३५४.० मा निर्माण कार्य सम्पन्न भएकोमा पूनः अन्य कार्यालयबाट समेत पार्क निर्माण तथा मर्मत सम्भार भनी भुक्तानी खर्च लेखेकोमा उक्त पार्क सम्पन्न भएको

आर्थिक वर्षमा नै अन्य कार्यालयबाट समेत पार्क मर्मत सुधारमा खर्च लेखेको पाइएकोले नयाँ पार्क निर्माणसँगै खर्चमा दोहोरोपना पर्ने सक्ने सम्भावना रहने हुनाले खर्चमा दोहोरो परे नपरेको पालिकाबाट एकिन गरिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५२.३ **अनुगमनः** पालिकाबाट सञ्चालित योजनाहरुको अनुगमन उपाध्यक्षको संयोजकत्वमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट उक्त पार्कको उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिबाट अनुगमन हुँदा उक्त पार्कको निर्माण कार्य ८४ प्रतिशत मात्र सम्पन्न भएको प्रतिबेदनमा उल्लेख गरिएको छ । उक्त पार्कको लागत अनुमान रू.४३०२९४९. रहेकोमा उपभोक्ता समितिले रू.३६१७७००. को कार्य सम्पन्न पेश गरेकोले उक्त पार्क पूर्ण रुपमा निर्माण सम्पन्न भए नभएको एकिन हुन सकिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५३ १५ शैया अस्पताल निर्माण

गाँउपालिकाले वडा नं.४ फर्साटिकरमा १० कठ्ठा १ धुर जग्गामा अस्पताल भवनले ओगट्ने ९८०.४९ बर्ग मिटर क्षेत्रफलमा २ तलाको १५ शैयाको अस्पताल निर्माणको लागि लागत अनुमान रु. १५४४७१३९० तयार गरीएकोमा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी एन बी ईन्जिनियरिङ एण्ड कन्ष्ट्रक्शन प्रा लिसँग मिति २०८१।१०।५ भित्र निर्माण कार्य सक्ने गरी २०७९।१०।१२ मा रु.१२९०१९४९१।२२ को सम्झौता गरी यो आर्थिक बर्षमा पेश्की वापत रु.
११२०००००।—र प्रथम रनिङ विल वापत रु.९७५३२२५।— समेत रु.२०९५३२२५।—भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

**अग्रिम भुक्तानी -** सम्झौता अनुसार विओक्यूमा प्रोभिजनल सममा राखिएको ल्यावटेष्ट वापतको रकम ल्याव टेष्ट गरेको लागत मुल्यको आधारमा भुक्तानी गर्नु पर्नेमा डण्डीको काम, एम१५,एम२० आरसिसि पिसिसि लगायतको निर्माण कार्य बाँकी नै रहेको र सो को ल्यावटेष्ट अनिबार्य हुने हुँदा प्रथम रनिङ विलबाट नै ल्याव टेष्ट वापतको रकम बुटवल ईन्जिनियरिङ प्रयोगशाला प्रा लि को विल राखी रु=४९१५५०।भुक्तानी गरेकोले बास्तविक लागतको आधारमा मात्र भुक्तानी गर्नु पर्ने देखिएकोले बढी भुक्तानी भएको रकम अशुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९१,५५० |

## ५४ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन् :

५४.१ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन,२०७५, सामाजिक सुरक्षा नियमावली, २०७६ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७७, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४

को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.१२,१८,८६,४००/- बिनियोजन भएकोमा रु.११,९८,८८,४८१।- निकासा प्राप्त भएकोमा बैंकले लाभग्राहीको खातामा रकम दाखिला गरी फिर्ता गरेको मौज्दात रकम रु.११,९९,३६१।— संघीय संचित कोषमा फिर्ता गरेको देखियो भने बैकले रु.६१४,९५२।—संघीय संचित कोषमा मिति २०८०।५।२५ मा फिर्ता गरेको आर्थिक विवरण लेखापरिक्षणमा पेश भएको गरेको देखियो । यसरी फिर्ता गर्नुपर्ने रकम संघीय संचित कोषमा समयमा नै दाखिला हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४.२ सामाजिक सुरक्षा नियमावली, २०७६ नियम २३ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरेको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन विद्युतीय प्रणाली मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७७।४।३२ को परिपत्रमा प्रत्येक चौमासिकको अन्तिममा खातामा जम्मा गरेको लाभग्राहीको Transaction ID सहितको विवरण (Reverse Feed) डिजिटल माध्यम स्थानीय तहलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेमा यस आर्थिक वर्षको वडा नं. ४ को चौथो त्रैमासिकको रु.५०७४७८७।-बराबरको भत्ता वितरण गरेको Reverse Feed केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी भएको पाइएन । सूचना प्रणालीमा आएको समस्याको कारण सो कार्य गर्न नसकिएको पालिकाको भनाई रहेको छ । उक्त त्रैमासिकको भत्ता वितरण गरेको Reverse Feed केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी नभएकोले सामाजिक सुरक्षा भत्ताको विद्युतीय प्रणाली मार्फत सार्वजनिक हुने त्रैमासिक तथा वार्षिक प्रतिवेदनले यथार्थ सूचना प्रदान गर्न नसकेकोले पालिकाले सो तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **अनुगमन भत्ता**

लुम्बिनी प्रदेश, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ । ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पालिकाले निम्नानुसारको भौचर नं. र मितिमा योजना तथा कार्यक्रम अनुगमन वापत खर्च लेखेको रकम रु. ५६७६००।— ऐनको उक्त प्रावधान विपरित भएकोले अनियमित देखिएको रु.

| **गो.भौ.नं.।मिति** | **व्यहोरा** | **रकम** |
|---|---|---|
| २९२।२०७९।११।२५ | २ महिने सिलाई कटाई तालिमको अनुगमन | २५००० |
| २९३।२०७९।११।२६ | २ महिने सिलाई कटाई तालिमको अनुगमन | ४०००० |
| ४२४।२०८०।२।९ | लागू औषध दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रम अनुगमन | ७४०० |
| ४३३।२०८०।२।९ | अचार बनाउने तालिम कार्यक्रमको अनुगमन | ११४०० |
| ४४०।२०८०।२१७ | उद्घोषण कला कार्यक्रमको अनुगमन | ४००० |
| ४४८।२०८०।२।१८ | समुह तथा लेखा व्यवस्थापन तालिम (वडा नं ३) | ५००० |

| | | |
|---|---|---|
| ४४९।२०८०।२।१८ | समुह तथा लेखा व्यवस्थापन तालिम (वडा नं ४) | 5,000 |
| ४५१।२०८०।२।१९ | विभिन्न योजनाहरूको अनुगमन | ८५५०० |
| ४७०।२०८०।२।२८ | स्वास्थ्य विमा कार्यक्रम व्यवस्थापन तथा प्रचार प्रसार कार्यक्रम अनुगमन | ८००० |
| ४८२।२०८०।२।२९ | बालश्रम शोषण विरुद्धको सचेतना कार्यक्रमको अनुगमन | ८००० |
| ४९०।२०८०।२।२९ | एड्भान्स सिलाई कटाई तालिमको अनुगमन | १०००० |
| ४९१।२०८०।२।२९ | सेनेटरी प्याड बनाउने तालिमको अनुगमन | ६००० |
| 514।२०८०।३।४ | सम्पूर्ण वडा कार्यालयहरूमा मेलमिलापकर्ताहरूबाट भए गरेको कामकारवाहीको अनुगमन | ४१००० |
| ५१५।२०८०।३।४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका कार्यक्रमहरूको अनुगमन | १०००० |
| ५१५।२०८०।३।४ | मागमा आधारित कार्यक्रमहरूको अनुगमन | ४९४०० |
| ५२७।२०८०।३।५ | उद्घोषण तालिमको अनुगमन | ८००० |
| ५३९।२०८०।३।८ | व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्बन्धी वडाहरू र बैंकहरुका अनुगमन | ३०००० |
| ५४९।२०८०।३।११ | माध्यमिक शिक्षा परीक्षाको अनुगमन | ४५००० |
| ५५८।२०८०।३।१२ | माध्यमिक शिक्षा उतीर्ण परीक्षाको अनुगमन | ४२००० |
| ५९६।२०८०।३।१४ | उद्यमी महिला तथा आमा समूह शिपमूलक कार्यक्रम अनुगमन | १०००० |
| ५९७।२०८०।३।१४ | विभिन्न गाई, भैंसी, बाख्रा, बंगुर फार्महरू अनुगमन | ४८३०० |
| ६४२।२०८०।३।१९ | वडा नं. ५ नेतृत्व विकास तालिमको अनुगमन | ५४०० |
| ६९१।२०८०।३।२२ | उन्नत विउ उपयोग अनुदान कार्यक्रमको अनुगमन | ६३२०० |
| **जम्मा** | | **५६७६००** |

| | |
|---|---|
| अनियमित भएको | ५,६७,६०० |

## ५६ बैठक भत्ता

कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अन्तर्गत बैठकको विषयवस्तु र सोको गम्भिरताको एकिन हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र बैठकमा आमन्त्रित सदस्यका रूपमा थप व्यक्तिहरू राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था

रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले निम्न भौचरबाट पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गर्दा निर्देशिकाले तोकेको भन्दा बढी आमन्त्रित राखी भुक्तानी गरेको, बैठकको विषयवस्तु र सोको गम्भिरताको एकिन नभएको पाइयो। यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।

| **गो.भौ.नं./मिति** | **विवरण** | **समिति सदस्य** | **बैठक संख्या** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| ७६।२०७९।७।३ | का.स.मू. बैठक भत्ता | - | - | ४०५०० | कानूनी व्यवस्था नभएको |
| २२१।२०७९।१०।१६ | बोलपत्र मूल्यांकन समितिको बैठक | ३ | ३८ | २६३००० | बढी आमन्त्रित |
| ४०७।२०८०।१।२८ | खरिद समितिको बैठक | ३ | १२ | ४३००० | कोटेशनबाट खरिद कार्यको बैठक |
| ४४१।२०८०।२।१७ | परीक्षा समितिको बैठक | ५ | १० | ९३००० | बढी आमन्त्रित |
| ४६०।२०८०।२।२२ | खरिद समितिको बैठक | ३ | १२ | ४१००० | कोटेशनबाट खरिद कार्यको बैठक |
| ५२०।२०८०।३।५ | आर्थिक विकास समितिको बैठक | ५ | १९ | १५५५०० | बढी आमन्त्रित |
| ५२३।२०८०।३।५ | मल वितरण समितिको बैठक | ३ | १५ | १०८००० | बढी आमन्त्रित |
| ५४४।२०८०।३।८ | बोलपत्र मूल्यांकन समितिको बैठक | ३ | १८ | १२७००० | बढी आमन्त्रित |
| ५६१।२०८०।३।१२ | राजस्व परामर्श समितिको बैठक | ११ | ३ | ५४००० | बढी आमन्त्रित |
| ५७५।२०८०।३।१५ | स्थानीय पाठ्यक्रम निर्माण समितिको बैठक | ४ | २० | २३७००० | बढी आमन्त्रित |
| ५७२।२०८०।३।३१ | वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक | ४ | ६ | ४९००० | बढी आमन्त्रित |
| ६५२।२०८०।३।२० | खरिद समितिको बैठक | ३ | १९ | ६९००० | कोटेशनबाट खरिद कार्यको बैठक |
| ६५७।२०८०।३।२१ | बोलपत्र मूल्यांकन समितिको बैठक | ३ | ३४ | २३३००० | बढी आमन्त्रित |
| **जम्मा** | | | | **१५१३०००** | |

सैद्धान्तिक बेरुजु

## ५७ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा वृक्षारोपण, पाईपलाईन विस्तार तथा स्तररोन्नति, विद्यालय भवन संरचना व्यवस्थापन, सिचाई कुलो सरसफाई, विद्यालयको बगैचा निर्माण तथा पोखरी मर्मत, सेवा प्रवाह सहजिकरण लगायतका कार्यक्रम सञ्चालनको लागि रु ५८१८०००।-वजेट विनियोजन भएकोमा छनौट भएका रोजगार निवेदन ४३६ जना मध्ये ६० जनालाई ९८ दिन देखि १०० दिनसम्मको रोजगारी उपलब्ध गराई औसतमा ९९ दिन कार्य भएको छ । पालिकाले यस बर्षको खर्च मध्ये श्रमिक ज्यालामा रु. ३४५७९६१।- र प्रशासनिकमा रु. १५०१५७८।-गरी रु. ४९५९५३९।- खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको उल्लेखित व्यहोरा निम्न छन् ।

५७.१ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५८ नदीजन्य पदार्थको दर निर्धारण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४(च) मा ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, अभ्रख र दहत्तर वहत्तरमा प्राकृतिक श्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउपालिका वा नगरपालिकाले संकलन गर्ने व्यवस्था विद्यमान

थियो तर नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७५ को ३४(३) ले उक्त दफा ६४ लाई खारेज गरेको छ। केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५ दफा ६२(क) ले प्राकृतिक वस्तुको विक्री वितरण गाउँपालिका तथा नगरपालिकाले गर्न सक्ने र यसरी प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी कानूनी व्यवस्था भएको दर तोक्ने अधिकारलाई क्रमशः कानूनबाट खारेज गरी ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा विक्री व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को प्रकरण ४(घ) मा गाउँसभा वा नगरसभाबाट स्वीकृत दरमा उत्खनन् र संकलनको अनुमति दिने र विक्रीको लागि ठेक्का व्यस्था मिलाउने काम गाउँपालिका वा नगरपालिकाको दायराभित्र राखेको देखिन्छ। यसरी सभाबाट दर तय गर्ने व्यवस्था भएकोमा दानव नदीको सम्बन्धमा कार्यापालिका बैठकको निर्णय मा नदीजन्य पदार्थको राजस्व प्रति घन फिट १३ निर्धारण गरेको पाइयो। कार्यपालिकाले सिफारिस गरी सभाबाट निर्णय गर्नुपर्न विषयमा आफैले क्षेत्राधिकार बाहिर गई दर निर्धारण गर्नु कानून सम्मत भएन। यसैगरी एउटै नदीमा विभिन्न स्थानीय तहको क्षत्राधिकार पर्ने तर नदीजन्य पदार्थको दर स्थानीय पालिकाबाट तोक्दा एक आपसमा समन्वय नभई फरक फरक दरमा राजस्व उठ्ने अवस्था देखिन्छ। यसले गर्दा कुनै स्थानीय तहको आधार ठूलो बन्ने र कुनैको करको आधारमा संकुचन हुने अवस्था हुने अवस्था देखिन्छ। यसरी नदीजन्य पदार्थबाट प्राप्त राजस्व बाँडफाँडको सिद्धान्त बमोजिम प्रदेश र स्थानीय तहको Ratio ४०:६० भएकोले दर तोक्ने कार्य प्रदेशले गर्ने कानूनी व्यवस्था भएमा एकरुपता कायम हुने र कुनै स्थानीय तहको ठेक्का लाग्ने र कुनैको नलाग्ने अवस्थाको समेत अन्त्य हुने देखिन्छ। जस्तैः- शुद्दोधन गाउँपालिकाले दानव नदीको विभिन्न घाटबाट प्रति घन फिट दर रु.१३ कायम गरिएको छ। तर अन्य पालिकाले नदिको घाटबाट नदीजन्य पदार्थको दर घटी/बढी तोक्दा एकले अर्कालाई असर पार्न सक्ने अवस्था विद्यमान देखिन्छ। यसको समाधानको उपाय प्रदेश सरकारले नदीको घाट अनुसारको मूल्य निर्धारण गर्नु वाञ्छनीय देखिन्छ।

सैद्धान्तिक बेरुजु

५९ **प्राकृतिक श्रोत उत्खनन कार्ययोजना**

लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार प्रत्येक स्थानीय तहले उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र, नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्ने उल्लेख छ। कार्यालयले यस बर्ष नदिजन्य पदार्थ उत्खनन गरी रु.८८८५८३२।—आय प्राप्त गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन। समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

६० **नदीजन्य पदार्थको आयठेक्का**

पालिकाले देहायबमोजिम नदीजन्य पदार्थको मिति २०८०।०१।०५ मा बोलपत्र आहवान गरिएकोमा ७ वटा घाट मध्ये ३ वटाको ठेक्काको मात्र वोलपत्र दर्ता भइ राजश्व वापत रू=८०२९७७४। आम्दानी भई दाखिला भएको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् ।

६०.१ पालिकाले दानव नदी अन्तर्गत सिसौघारी -कोलुवा_ घाटमा १७६३७३.४५ घनफिट नदीजन्य पदार्थको न्यूनतम राजश्व रू.२२९२८५४।८५ कायम गरी ठेक्का ६।२०७९।८० को ठेक्का आह्ववान गरिएकोमा सबैभन्दा बढी कबोल गर्ने एस आर आर कन्स्ट्रक्सन एण्ड सप्लायर्स सैनामैना ४ रुपन्देहीको कबोल अंक रू=४२३०७७०.— मु=अ=कर समेत मिति २०८०।०२।०६ मा स्वीकृत गरी २०८०।०२।१७ मा सम्झौता गरिएकोमा सम्झौता बमोजिम निज निर्माण व्यवसायीले मिति २०८०।०२।१७ मा रू=४२८७०००.' राजश्व दाखिला गरेको पाइयो । सम्झौता बमोजिम निर्माण व्यवसायीले नदीजन्य पदार्थ संकलन उत्खनन् गर्न जाँदा स्थानीय बासिन्दाको अवरोधले गर्दा उत्खनन् गर्न नसकिएको जनाइएको र पालिकाले जिल्ला समन्वय समिति र जिल्ला अनुगमन तथा व्यवस्थापन समितिलाई घाटको अनुगमन सम्बन्धमा मिति २०८०।०२।२२ मा पत्राचार गरेको पाइयो तर उक्त अनुगमन तथा व्यवस्थापन समितिले अनुगमन गरेको तर सो सम्बन्धमा अनुगमन प्रतिबदेन संलग्न गरेको पाइएन ।स्थानीयको अवरोध र वार्ता समेतले सहमति नभएको कारण जनाई २०८०।०३।१८ को गाउँसभाको निर्णयानुसार उक्त ठेक्का रद्ध गरिएको पाइयो ।यसरी IEE प्रतिबेदन अनुसार निकाल्न पाउने नदीजन्य पदार्थको परिमाणको ठेक्काको स्वीकृति गरी उक्त निर्माण व्यवसायीले राजश्व समेत दाखिला गरी सकेको अवस्थामा पालिकाले ठेक्का रद्ध गरेको कारण पालिकाको रू=४२८७०००. - आम्दानी घटी हुन गएको छ ।अतः पालिकाले स्थानीय प्रशासन सुरक्षा निकाय समेतको समन्वयमा स्थानीय जनता र सम्बन्धित जनप्रतिनिधिसँग आवश्यक छलफल गरी नदीजन्य पदार्थको उत्खनन् गरी आन्तरीक आय वृद्धि गर्ने कार्यमा पहल गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६०.२ पालिकाले दानव नदी अन्तर्गत घनौराघाट ठे.नं ०९।०७९।८० बाट नदीजन्य पदार्थ न्यूनतम ३०४८८७।७३ घनफिट उत्खनन् गर्ने गरी ठेक्का स्वीकृत भएकोमा एस आर आर कन्स्ट्रक्सनले न्युनतम परिमाण २८९६०।२० घनफिट ७०% परिमाण नदीजन्य पदार्थ संकलन गरेकोले कबोल गरेको दररेट अनुसार बढी परिमाणको हुने राजश्व रू.४३००५९/- मु.अ.कर रू.५५९०८/- र अग्रिम आयकर रू.६४५०/- समेत रू.४२२४१७.- असुल हुन बाँकी रहेकोले जरिवाना सहित असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९२,४१७ |

६०.३ पालिकाले ठेक्का नं १०।२०७९।८० दानव नदी अन्तर्गत सिसवाघाटबाट २५७४०९।९० परिमाण नदीजन्य पदार्थ उत्खनन् गर्न पाउनेगरी स्वाभिमान कन्स्ट्रक्सन प्रा.लि सँग कबोल अंक रू.४१२४५००/- बुझाउने गरी मिति २०८०।०२।१९ मा सम्झौता भएकोमा न्युनतम परिमाण २५७४०९।९० भन्दा ३१३२०.६८ घनफिट बढी परिमाण संकलन गरेकोले बढी परिमाण संकलन गरेको राजश्व रकम रू.४२६०००/- दाखिला गरेको भएतापनि सो को मु.अ.कर रू.५५३७५/- र अग्रिम आयकर रू.६३८९/- समेत रू.६१७६४/- दाखिला हुन बाँकी रहेकोले सम्बन्धित निर्माण व्यवसायीसँग जरिवाना सहित असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,७६४ |

६१ **विद्युत महसुल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सो सँग सम्बन्धित विल, भरपाई, प्रमाण, कागजात संलग्न राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले नेपाल विद्युत प्राधिकरणकलाई

सडक वत्ती महसुल वापत मासिक रू.२१९३४।६९ भुक्तानी हुने गरी अग्रिम धरौटी वापत रू.१३१६०९/- भुक्तानी गरेकोमा सो को विल भरपाई संलग्न नरहेकोले मासिक महसुलको बिल भरपाई रसिद संलग्न हुनुपर्ने रकम रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३१,६०९ |

६२ **कृषि यन्त्रमा अनुदान**

लुम्बिनी प्रदेशको कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ (संसोधित) मा कृषक सहकारी समुह वा व्यक्तिलाई कृषि यान्त्रीकरण उपकरण अनुदान प्रदान गर्दा ५०% लागत सहभागितामा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले जनकपुर टोल विकास संस्था वार्ड नं ३ दोभानमा पालिकाको २०८०।०१।२१ को निर्णयानुसार समरसेवल मोटर २ थान र वाटर पम्प ५ थान समेत ७ थान यन्त्र उपकरण विभिन्न ७ जना व्यक्तिलाई दिने गरी जगदम्बा इलेक्ट्रिक एण्ड मेशिनरी, शुद्धोधन ४ बाट रू.२४६११४/- मूल्यमा खरिद गरि वितरण गरेकोमा कृषकले व्यहोर्ने ५०% योगदान रू.१२३०५७/- हुनुपर्नेमा शतप्रतिशत पालिकाको योगदान रहेकोले कृषकले व्यहोर्ने अनुदान सम्बन्धितबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२३,०५७ |

६३ **नदीजन्य पदार्थबाट संकलित रकमबाट खर्चः**

नदीजन्य पदार्थबाट संकलन भएको रकममध्ये २५ प्रतिशत रकम स्थानीय प्रभावित क्षेत्रको विकासको लागि खर्च गर्नुपर्ने पालिकाको नीति तथा कार्यक्रममा व्यवस्था रहेको छ । पालिकाले नदीजन्य पदार्थबाट उठेको राजश्वबाट नदीजन्य प्रभावित स्थानीय क्षेत्रको विकास संरक्षण तथा विकास तथा नदीले क्षति पुऱ्याउन सक्ने सम्भावित जोखिम जस्तैः नदी कटान क्षेत्रमा बाँध निर्माण, तटबन्ध निर्माण, रिभर ट्रेनिङ, वातावरणीय संरक्षणको लागि वृक्षारोपण लगायतका कार्यमा खर्च गर्नुपर्नेमा पालिकाले र वडाकार्यालयले निर्णय गरी देहायको कार्यमा खर्च गरी रू. ८४७२८५६ भुक्तानी गरिएको अनियमित देखिएको रकम रू.

| भौ. नं . ।मिति | विवरण | भुक्तानी |
|---|---|---|
| १२१।२/ २९ / २०८० | वडा नं २ मा सञ्चालित योजनाको रकम भुक्तानी दिएको | ६९२६१० |
| १३२।२०८०/२/३२ | फुलबारी प्राविको माटो पटानको कार्यको रकम भुक्तानी | ९६२०० |
| १३३।२०८०/२/३२ | वडा नं ३ को रामेश्वर खेल मैदानमा झाडि सरसफाई तथा फिल्ड फिलिङ्ग को भुक्तानि | १८४०७० |
| १४०।३/ ३ / २०८० | भगलापुर मा.बि लाई रकम भुक्तानी दिएको | ३००००० |
| १५९।३/ ७ / २०८० | वडा नं. १ को बेलवा आधारभूत विद्यालयको रकम भुक्तानी दिएको | २९१००० |
| १६०।३/ ८ / २०८० | वडा नं. ६ को योजनाको भुक्तानी दिएको | २३८६७० |
| १६४।३/ ८ / २०८० | ठेक्का मूल्यांकनको बैठक भत्ता बापतको रकम भुक्तानी दिएको | १४९९९० |

| | | |
|---|---|---|
| १७२।३/ १३ / २०८० | वडा ३ मा हिमपाइ खरिद गरेको भनी प्राविधिक शाखाको कास भुक्तानी दिएको | २९८६५२ |
| १७६।३/ १४ / २०८० | मानपकडी व्यवसायिक भवन तथा सटरहरु मर्मतको विल भुक्तानि गरेको लेखा | १७८७९० |
| १८३।३/ १५ / २०८० | वडाको निर्णय अनुसार शिशै मा.बि लाई कक्षा व्यबस्थापन वापतको भुक्तानि | ४९८००० |
| १८५।३/ १७ / २०८० | मर्मत बापतको विल भुक्तानी | ३६८३२ |
| १८८।३/ १९ / २०८० | फर्साटिकर पेट्रोल पम्पदेखी दक्षिण भैलुभुजको नहरको बाटो स्तरउन्नति उपभोक्ता समितीलाई भुक्तानि | ४२३९३० |
| २११।३/ २० / २०८० | वडा नं. ४ ले खरिद गरेको हिमपाइपको भुक्तानी | ४५०००० |
| २१२।३/ २० / २०८० | सखुवानी नाकाबाट उत्तर तर्फको तारजाली निर्माण कार्यको भुक्तानी दिएको | १४५४७०० |
| २४४।३/ २३ / २०८० | टिप्पणीको विवरण बमोजिम नियमानुसार दायित्व कट्टी गरि भुक्तानी | ९४६७२० |
| २४५।३/ २३ / २०८० | दुर्गा मन्दिर निर्माण कार्यको लागी भुक्तानी | ४०५७०० |
| २४८।३/ २३ / २०८० | शंकर मा.बि को थप तल्ला ढलान कार्यको भुक्तानी | १८२६९९२ |
| जम्मा | | ८४७२८५६ |

| | |
|---|---|
| अनियमित भएको | ८४,७२,८५६ |

६४ **लघुउद्यम कार्यक्रम**

गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न कार्यक्रमको लागि यस बर्ष रु.२९०००००।-रकम विनियोजन गरेको पाईयो । पालिकाले यस बर्ष विनियोजित रकमबाट तोकिएअनुसारको नयाँ तालिम ९४ जनालाई निरन्तरता तालिम १२ जनालाई दिई रु.१३२००२६।- खर्च देहाय अनुसार सञ्चालन गरको छ । गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमासमेत पालिकाले अनुगमन गर्नुपर्दछ ।

| सि.नं | तालिमको नाम | तालिम अबधि | सहभागी सँख्या | रकम रु. |
|---|---|---|---|---|
| १ | अभिमुखीकरण तालिम | १ दिन | २२ जना | १९१२० |
| २ | सहभागित्मक ग्रामिण लेखाजोखा कार्यक्रम | १ दिन | १३० जना | १५२०० |
| ३ | लघु उद्यम समूहको गठन तथा परिचालन | १ दिन | ९७ जना | ९१५० |

| | | | | |
|---|---|---|---|---|
| ४ | नयाँ उद्यमीलाई व्यवसाय सचेतना तालिम | ३ दिन | ११२ जना | ८६९५५ |
| ५ | नयाँ उद्यमीलाई व्यवसाय सुरु र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम | ५ दिन | १०७ जना | १२१४२५ |
| ६ | नयाँ उद्यमीलाई सिलाईकटाई तालिम | ३ महिना | ३७ जना | ३६३४०२ |
| ७ | नयाँ उद्यमीलाई ब्युटीपार्लर तालिम | ३ महिना | १५ जना | २३४६२० |
| ८ | नयाँ उद्यमीलाई पशुपालन तालिम | ३ दिन | १९ जना | ४३७७० |
| ९ | नयाँ उद्यमीलाई डल कुशन तालिम | १५ दिन | २३ जना | १८१७५३ |
| १० | एड्भान्स सिलाई कटाई तालिम (निरन्तरता) | ४५ दिन | १२ जना | २४४६३१ |

सैद्धान्तिक बेरुजु

६५ **प्रविधि हस्तान्तरण** (८६।२०७९।१०।२५-२०७९-१०-२५):
गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को नियम ४१ मा कार्यक्रम सञ्चालन गरेपश्चात उपलब्ध गराइने प्रविधिको कम्तीमा २० प्रतिशत लागत साझेदारी गरी उद्यमीलाई प्रविधि हस्तान्तरण गराइने व्यवस्था रहेको छ । पालिकाले लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सिलाई कटाई सम्बन्धी ४५ दिने एड्भान्स तालिम संचालन गरेको छ । सो को लागि खरिद भएको ४ वटा सिलाई मेशीन प्रविधि हस्तान्तरण गरेको पाईएन, सो सम्बन्धमा पालिकासँग अन्तक्रिया हुदाँ सो मेशीन स्टोरमा रहेको पाइयो । खरिद भएको मेशीन प्रयोग नगरिँदा पुरानो भइ गुणस्तरमा ह्रास हुन सक्ने भएको हुनाले नियमानुसार २० प्रतिशत लागत सहभागिता गराई उद्यमीलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ साथै प्रविधि हस्तान्तरण तालिम संचालन हुन नसकी विनियोजित भएको बजेट रू.१४००००/- निष्क्रिय रहेको छ । पालिकाले लक्षित वर्ग समूहको पहिचान गरी आवश्यक्ताको आधारमा विनियोजित भएको बजेटबाट कार्यक्रम संचालन गरी अपेक्षित लक्ष्य हासिल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **औषधी खरिद**
पालिकाले निःशुल्क औषधी वितरणको लागि निम्न बमोजिम खरिदविधिबाट देहायको सप्लायर्ससँग सम्झौता गरी रकम भुक्तानी भएको छ ।

| गो.भौ.नं/मिति | सप्लायर्सको नाम | खरिद किसिम | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| ८५।२०७९।१०।२२ | चिराग फार्मेसी | बोलपत्र (८० आइटम औषधी) | २९१५००० | ९०३५८८ |
| २११।२०८०।०३।२४ | चिराग फार्मेसी | शिलबन्दी दरभाउपत्र (७० आइटम औषधी) | १९०६८२३ | ७७०२८२ |

| | | |
|---|---|---|
| जम्मा | ४८२१८२३ | १६७३८७० |

यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन् ।

६६.१ **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले खरिद गर्ने मालसामानको लागत अनुमान तयार गर्दा बजार मूल्यको प्रचलित दरभाउ, अघिल्लो बर्षको स्वीकृत दररेट, जिल्ला दररेट लगायतको मूल्य कायम गरी सो को औसत मूल्य निकाली लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले नियमावलीमा तोकिएको विधिको प्रक्रिया पुरा नगरी बोलपत्रको माध्यमद्धारा खरिद गरिने औषधीको लागि विभिन्न ३ वटा औषधी विक्रेता फर्मसँग दररेट माग गरेकोमा ३ वटै फर्मले ८० वटा आइटम औषधीको एउटै प्रतिइकाई दररेट पेश गरेको आधारमा सोही दररेटलाई लागत अनुमान राखेको पाइयो । यसरी ३ वटा फर्मसँग दररेट माग गरिएकोमा ३ वटै फर्मले एउटै दररेट पेश गरेबाट लागत अनुमान तयार गर्दा प्रतिस्पर्धा भएको नदेखिएकोले तयार गरेको लागत अनुमान वास्तविक र यर्थाथपरक भएको छ भन्ने आधार देखिँदैन । तसर्थ लागत अनुमान तयार गर्दा नियमावलीमा व्यवस्था भए बमोजिम प्रक्रिया पुरा गर्नेपर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६६.२ **गुणस्तर परीक्षणः** १. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएको मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिमको भए नभएको निरीक्षण वा परीक्षण गराउनपर्ने व्यवस्था रहेको छ । पालिकाले आपूर्ति भएको औषधी बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण पेश नभएको, आपूर्ति हुने औषधि डडव्लु.एच.ओ.वाट सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण समावेश नभएको ।

२. आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन ।

३.जिन्सी कितावमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र अन्य निकायबाट हस्तान्तरण भई आएको औषधी अलग अलग खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको रऔषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

४.तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६६.३ **पुर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौता अवधिमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतदिन ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । बोलपत्रद्धारा भएको खरिदमा उक्त सप्लायर्ससँग भएको सम्झौताबमोजिम मिति २०७९।०८।२८ भित्र औषधी सप्लाई गर्नुपर्नेमा मिति २०७९।०९।२५ मा औषधी सप्लाई गरेको भनी निबेदनसाथ विजक जारी गरेकोले सोही मितिमा औषधी आपूर्ति भएको देखिएकोले सम्झौता मितिभन्दा २६ दिन ढिला गरी आपूर्ति भएको देखिएकोले नियमावलीमा व्यवस्था भए बमोजिम सम्झौता रकम रू.९०३५८८/- को दैनिक ०.०५ प्रतिशतका दरले हुने दैनिक रकम रू.४५१/- का दरले २६ दिनको रू.११७२६/- सम्बन्धित सप्लायर्सबाट असुल गर्नुपर्ने रकम रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,७२६ |

## ६७ हाटबजार ठेक्का

पालिकाले फर्साटिकर हाटबजारबाट राजश्व संकलनको लागि २०७९।०३।०७ मा न्युनतम हाटबजारबाट रू.१२५१५५५/- राखी ठेक्का आह्वान गरेकोमा सबैभन्दा बढी कबोल गर्ने हेन्सी अग्रहरीको कबोल अंक रू.१४५७५५५/- मिति २०७९।०७।०६ मा स्वीकृत गरेकोमा परिक्षण गर्दा देखिएको व्यहोरा निम्न छन् ।

६७.१ **ढिला राजश्व दाखिलाः** पालिकाले आह्वान गरेको सूचना अनुसार कबोल गरेको राजश्व रकम अग्रिम दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । तर हाटबजार कर कबोल गर्ने हेन्सी अग्रहरीले आ.ब २०७९।८० मा कबोल रकम रू.१४५७५५०/- दाखिला गर्नुपर्नेमा हालसम्म दाखिला गरेको रकम रू.१२०१३४८/- मध्ये उक्त आ.बमा रू.२०००००/- मात्र दाखिला गरेकोले १००१३४८/- आ.ब २०८०।८१ को २०८०।०९।०९ सम्ममा दाखिला गरेकोले ढिला गरी दाखिला भएकोले सो को असुल हुनुपर्ने जरिवाना रकम रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,१३८.८ |

६७.२ कबोल गरेको अंक रू.१४५७५५५/- मध्ये लेखापरीक्षण अवधिसम्म रू.१२०१३४८/- मात्र असुल भएकोले उठ्नुपर्ने कर रू.२५६२०७/- बाँकी नै रहेकोले जरिवाना सहित असुल हुनुपर्ने रकम रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५६,२०७ |

६७.३ आयकर ऐन, २०५८ र मू.अ.कर नियमावली बमोजिम तोकिएको दरमा अग्रिमकर र मु.अ.कर वापतको रकम कट्टा गरी सम्बन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको हाटबजार ठेक्कामा कबोल गर्ने व्यक्तिबाट मु.अ.कर र अग्रिम कर असुल गरेकोमा उक्त रकम सम्बन्धित राजश्व खातामा दाखिला नगरेकोले दाखिला गर्नुपर्ने रकम रू.

| सि.नं | विवरण | मु.अ.कर | अग्रिम कर | जम्मा |
|---|---|---|---|---|
| १ | पुरैन हाटबजार वार्ड नं ५ (ठेक्का नं ०२।२०७९।८०) | २४८३० | २८६५ | २७६९५ |

| | | | | |
|---|---|---|---|---|
| २ | मानपकडी हाटबजार (ठेक्का नं ०४।२०७९।८०) | १६४०० | १८९२ | १८२९२ |
| **जम्मा** | | | | ४५९८७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,९८७ |

६८ **विपद् व्यवस्थापन**

६८.१ **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८.२ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि ४ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८.३ **विपद् व्यवस्थापन कोष —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रू. ५८७०४८।६४ र यस वर्षमा कुनै आम्दानी / खर्च नगरी बाँकी रु. ५८७०४८।६४ बाँकी देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखेको र नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---:|

६८.४ **वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---:|

### ६९ सहभागी भत्ता

शुद्धोधन गाउँपालिकाको ११औं गाउँसभाबाट स्वीकृत बजेट, योजना तथा कार्यक्रम आ.व. २०८९।८० को अनुसुची ५ खर्चको मापदण्डमा सहभागी भत्ता वडास्तरिय र गाउँपालिकास्तरिय रु. ५००।— निर्धारण गरिएको छ । पालिकाले गो.भौ.नं. ४८६।२०८०।२।२९ मार्फत गाउँसभा संचालन र कानुन निर्माण प्रक्रिया सम्बन्धी सिकाई अभ्यास कार्यशालामा विभिन्न ८५ जना पदाधिकारी र कर्मचारीहरुलाई प्रति दिनको रु.१०००।- दरले २ दिनको सहभागी भत्ता वापत रु. १६५०००।— भुक्तानी गरेको छ । यसरी पालिकाको मापदण्डले तोकेको भन्दा बढी दरमा भुक्तानी भएको रकम रु. ८२५००।- सम्बन्धितबाट असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ८२,५०० |
|---:|---:|

### ७० विनियोजनभन्दा वढी खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ । तर यस पालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु. ५२१८९०।- बढी खर्च गरेको छ । निर्धारित बजेटको सीमा नाघी खर्च भएको रकम नियमावलीको उक्त प्रावधान विपरित भएकोले अनियमित देखिएको रु.

| **गो.भौ.नं.।मिति** | **कार्यक्रम** | **विनियोजित रकम** | **खर्च भएको रकम** | **बढी खर्च भएको रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| २२३।२०८०।३।२१ | माटो परीक्षण कार्यक्रम | ५०००० | ५७१८९० | ५२१८९० | कार्यपालिकाको निर्णय बमोजिम |
| **जम्मा** | | | | **५२१८९०** | |

| अनियमित भएको | ५,२१,८९० |
|---:|---:|

### ७१ वितरणमुखी कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) ले योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने

गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्यॉंकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ ।

| **गो.भौ. नं/ मिति** | **बजेट शीर्षक** | **योजना/ कार्यक्रम** | **रकम** |
|---|---|---|---|
| ४२६।२०८०।२।९ | गा.पा.चालु | श्री दरबहवा भुवनेश्वर कोटहीमाई मन्दिर व्यवस्थापन समितिलाई महायज्ञको लागि अनुदान | १००,००० |
| ४१९।२०८०।२।४ | गा.पा.चालु | खेलकुद सामाग्री वितरण | ३४,००० |
| ४५८।२०८०।२।२१ | गा.पा.चालु | आमा समुह शुद्धिकरण कार्यक्रम | ९९,९५० |
| ४६६।२०८०।२।२३ | गा.पा.चालु | जिविका बहुउद्देश्यीय सहकारी संस्थालाई खेलकुद प्रतियोगिता खर्च भुक्तानी | २५,००० |
| ४६६।२०८०।२।२३ | गा.पा.चालु | ब्रहमाकुमारी ईश्वरीय विश्वविद्यालय राजयोग प्रशिक्षण केन्द्रलाई योग प्रशिक्षण कार्यक्रम अनुदान | ५०,००० |
| ४७१।२०८०।२।२८ | गा.पा.चालु | ढैंचा विउ वितरण कार्यक्रम | २१,००० |
| ४७१।२०८०।२।२८ | गा.पा.चालु | च्याउको विउ वितरण कार्यक्रम | २५,५०० |
| ४७२।२०८०।२।२८ | गा.पा.चालु | धानको विउ वितरण कार्यक्रम | १५०,००० |
| ४८७।२०८०।२।२९ | गा.पा.चालु | खडवा वनगाई खानेपानी उपभोक्ता तथा सरसफाई समितिलाई कम्प्युटर र प्रिन्टर खरिद | ९२,५०० |
| ५४६।२०८०।३।८ | गा.पा.चालु | घाँसको विउ वितरण | ४३५,००० |
| ५६५।२०८०।३।१२ | गा.पा.चालु | विषाधि तथा भिटामिन वितरण | १२६,००० |
| ५६६।२०८०।३।१२ | गा.पा.चालु | तरकारी विउ मिनिकिट वितरण | १००,००० |
| ६११।२०८०।३।१५ | गा.पा.चालु | दुर्गा मन्दिर व्यवस्थापन समितिलाई ट्रष्ट निर्माण, भुँई ढलान, इलेक्ट्रिक कार्य वापत भुक्तानी | १२१,००० |
| ६२०।२०८०।३।१५ | गा.पा.चालु | थारु कल्याणकारी सभा शुद्धोधनलाई अवलोकन भ्रमण वापत भुक्तानी | ६९,९५० |
| ६२७।२०८०।३।१७ | गा.पा.चालु | खेलकुद सामाग्री वितरण | ७०,५४० |
| ६४४।२०८०।३।१९ | गा.पा.चालु | गहूँको विउ वितरण | २००,००० |

| | | | |
|---|---|---|---|
| ६५४।२०८०।३।२१ | गा.पा.चालु | पूर्व मैनहिया कोटाईमाई मन्दिर सामुदायिक भवन मर्मत | १९०,४०० |
| ६८४।२०८०।३।२२ | गा.पा.चालु | विषाधि वितरण | ४७१,८०० |
| ६८७।२०८०।३।२२ | गा.पा.चालु | विद्युतीय स्प्रे टंकी वितरण | २२९,८०० |
| ६८६।२०८०।३।२२ | गा.पा.चालु | विषाधि वितरण | ५६,६०० |
| ६८५।२०८०।३।२२ | गा.पा.चालु | सूर्यमुखी र मकैको विउ वितरण | ८५,९०० |
| १८।२०७९।७।१५ | गा.पा.पूंजीगत | सखुवानी शिव मन्दिर कम्पाउण्ड निर्माण | १९४,००० |
| ३०।२०७९।९।११ | गा.पा.पूंजीगत | फर्साटिकर आमा समूहको भवन रेलिङ निर्माण | ९५,०६० |
| ७३।२०७९।१।५ | गा.पा.पूंजीगत | गुरुङ समाज भवन ट्रष्ट निर्माण | १४५,५०० |

सैद्धान्तिक बेरुजु

७२ **अन्य निकायको नाममा भएको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले भौ. नं.१९४।२०७९।१०।०४ बाटउक्त व्यवस्थाको पालना बेगर यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएको जिल्ला प्रशासन कार्यालय रुपन्देहीको सवारी साधन मर्मत खर्च वापत रु.२१६१६३।- भुक्तानी गरी अन्य कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको कारणले थप व्ययभार पर्न गएको छ । यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने भएकोले यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७३ **अनुत्पादक क्षेत्रमा खर्च**

स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) मा गाउँपालिका वा नगरपालिकाले बार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,दिगो विकास लक्ष्य प्राप्त गर्न सघाउ पुर्याउने खालका योजना तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने उल्लेख भएको छ । तर पालिकाले निम्न वडामा बजेट बिनियोजन गर्दा जनताको जीवनस्तरमा प्रत्यक्ष प्रभाव नपार्ने, आर्थिक विकास तथा गरिबी निवारणमा सहयोग नपुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न नसकिने प्रकृतिको बजेट बिनियोजन भएकोले यस्ता कार्यक्रममा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं | भ्रमण गरेको मिति/स्थान | भ्रमणमा जाने कर्मचारी | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | २०७९।११।०५-११।९ (इलाम, मोरङ, जनकपुर) | जनप्रतिनिधि, टोल विकास संस्थाको अध्यक्ष सहित २० जना | २०००००/- | वडा नं ३ को कार्यक्रम |
| २ | २०७९।११।०४-११।०८ (बाँके, बर्दिया,कैलाली,कञ्चनपुर) | कृषक जनप्रतनिधि र कर्मचारी गरी ५२ जना | ३०००००/- | वडा नं १ को कार्यक्रम |
| ३ | २०७९।११।०५-११।०९(स्याङजा, मुस्ताङ, कास्की, म्याग्दी, बाग्लुङ) | जनप्रतिनिधि तथा कर्मचारी गरी २७ जना | २०००००/- | वडा नं २ को कार्यक्रम |

सैद्धान्तिक बेरुजु

७४ **बितरणमुखी खर्च** (१०६।२०७९।०८।०९-२०७९-८-९):
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले वडा नं ६ मा वडाको निर्णयबमोजिम भैपरी आउने तथा चालु खर्च शिर्षकबाट बिजया दशमीको अवसरमा सम्पूर्ण टोलहरुमा लड्डु वितरण कार्यक्रम राखी १२० के.जी को रू.७००/- गरी रू.८४०००/- खर्च लेखेको छ ।यस्तो प्रकारको वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारिरत गरी पारदर्शी तवरले गरी वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ । साथै उक्त कार्यले जनताको जीवनस्तरमा कुनै पनि प्रभाव नपार्ने भएकोले यस्तो कार्यक्रमहरु आगामी दिनमा नियन्त्रण गरिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

७५ **दोहोरो भुक्तानी**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिक कुनै एक शिर्षकमा बजेट बिनियोजन भएपछि पुनः सोही शिर्षकमा बजेट बिनियोजन गर्न नसकिने व्यवस्था रहेको छ ।पालिकाले थारू कल्याणकारी सभा शुद्धोधन गा.पालाई माघी पर्व मनाउनको लागि गाउँपालिका स्तरीय लक्षित बर्ग शिर्षकबाट गो.भौ.नं २१७ बाट रू.२५३९८१/- भुक्तानी गरेको र वडाले आफ्नो बजेटबाट पुनः सोही संस्थालाई गो.भौ.नं ३३७ बाट रू.२५०००/- र गो.भौ.नं २४१ बाट रू.१९७००/- भुक्तानी गरेको पाइयो । यसरी एउटै संस्थालाई एउटै कार्यक्रमको लागि पालिकाबाट भुक्तानी भई सकेको अबस्थामा पुन सोही कार्यक्रममा खर्च भएको विल भर्पाई राखि तथा वडाको बजेटबाट भुक्तान भएको रकम नियमितसंगत मान्न सकिएन ।

| | |
|---|---|
| अनियमित भएको | ४४,७०० |

७६ **विल भरपाई पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टायाईको तथा खर्चको बिल भरपाइको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारको मितिमा संचालन भएका कार्यक्रमको देहाय बमोजिमको विल भरपाई तथा वितरणको भरपाई पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

| **गो.भौ. नं/ मिति** | **योजना/कार्यक्रम** | **रकम** |
|---|---|---|
| ४६८।२०८०।२।२८ | फर्सीटिकर सामुदायिक सिकाई केन्द्रको २ महिने सिलाई तालिममा खरिदभएको ५ वटा सिलाई मेशिन खरिद (प्रति इकाइ दर १००००।-) र सोको वितरणको भरपाई | ५०००० |
| ५२८।२०८०।३।५ | विश्वकर्मा सेवा समाजद्वारा संचालित दलित महिलाहरूको लागी एकमहिने सिलाई कटाई तालिम खरिद भएको १० वटा सिलाई मेशिन खरिद (प्रति इकाइ दर१५०००।-) र सोको वितरणको भरपाई | १५०००० |
| **जम्मा** | | **२०००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

७७ **शुभकामना सन्देश तथा क्यालेण्डर छपाई सहायता**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को प्रकरण ६(२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने तथा सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था रहेको छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा कार्यालयले देहाय बमोजिमका संघ संस्थाहरूलाई शुभकामना सन्देश, सन्देशमुलक सूचना तथा क्यालेण्डर छपाई वापतको रकम भुक्तानी गरेको छ । यसका केही उदाहरणहरू निम्नानुसार छन् ।

| **गो.भौ.नं.।मिति** | **संस्थाको नाम** | **रकम** |
|---|---|---|
| ४०१।२०८०।१।८ | अखिलनेपाल किसान महासंघ | ५००० |
| ४०१।२०८०।१।८ | आवाजसम्प्रेषण | ५००० |
| ४०१।२०८०।१।८ | गौतमबुद्धमिडिया प्रा.लि. | ५००० |
| ४०१।२०८०।१।८ | नेपालपत्रकार महासंघ | ५००० |
| ४०१।२०८०।१।८ | नेपालबार एशोशियसन | ५००० |
| ४०१।२०८०।१।८ | पेशागतमहासङ्घ नेपाल | ५००० |

| | | |
|---|---|---|
| ४०१।२०८०।१।८ | पोष्टनेपाल मिडिया प्रा.लि. | ५००० |
| ४०१।२०८०।१।८ | बुटवलटाइम्स राष्ट्रिय साप्ताहित | ५००० |
| ४०१।२०८०।१।८ | बुटवलपब्लिकेशन प्रा.लि. | ५००० |
| ४०१।२०८०।१।८ | लुम्बिनीदर्पण साप्ताहीक | ५००० |
| ४०१।२०८०।१।८ | लुम्बिनीप्रेष कलब | ५००० |
| ४०१।२०८०।१।८ | लिलाधरघिमिरे छपिया जनता कलेज | ५००० |
| ४०१।२०८०।१।८ | साझापत्र मल्टिमिडिया प्रा.लि. | ५००० |
| ४०१।२०८०।१।८ | सिद्धार्थपब्लिकेशन प्रा.लि. | ५००० |
| ४०१।२०८०।१।८ | हाईटेकअफसेट प्रकाशन प्रा.ली | ५००० |
| ४३९।२०८०।२।१७ | क्रान्तीकारीआवाज | ५००० |
| ४३९।२०८०।२।१७ | मेचीकालीमिडिया प्रा.लि | ५००० |
| ४५३।२०८०।२।२१ | लेखा समुहरुपन्देही | ५००० |
| ४५३।२०८०।२।२१ | नमस्तेलुम्बिनी मिडिया | ५००० |
| ४५३।२०८०।२।२१ | एग्रोलुम्बिनी मिडिया | ५००० |
| ४८३।२०८०।२।२९ | लुम्बिनीविकास मञ्च | १०००० |
| ४९५।२०८०।२।३० | एभि वानमल्टिमिडिया | २०००० |
| ४९८।२०८०।२।३१ | मम नेपालमिडिया | ५००० |
| ४९८।२०८०।२।३१ | आर एनमिडिया | ५००० |
| ४९८।२०८०।२।३१ | जन गर्जनमिडिया | ५००० |
| ५०७।२०८०।२।३२ | लुम्बिनीप्रेस क्लव | ५००० |
| ५२९।२०८०।३।५ | सत्यदिपसन्देश | ५००० |
| ५२९।२०८०।३।५ | विश्वशान्ति साहित्य समाज | ५००० |
| ६०३।२०८०।३।१४ | समतलमिडिया | ५००० |
| ६०३।२०८०।३।१४ | रुपन्देहीबार एशोसिएसन | ५००० |

| | | |
|---|---|---|
| ६०३।२०८०।३।१४ | न्यूजबाटिका | ५००० |
| ६९०।२०८०।३।२२ | हाम्रोगोरेटो | ५००० |
| ६९०।२०८०।३।२२ | इस्मालीसमाज काठमाण्डौ | ५००० |
| ६९०।२०८०।३।२२ | जागरणमिडिया | ५००० |

यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७८ **VAT समायोजन पत्र बिना धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा सार्वजनिक निकायले खरिद सम्झौता वापतको अन्तिम बिल भुक्तानी गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायको फर्म वा सप्लायर्सलाई धरौटी वापतको रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धि कर समायोजन विना फिर्ता गरेकोले सो रकमको कर समायोजन पत्र पेश हुनुपर्ने रू.

| **गो.भौ.नं/मिति** | **फर्मको नाम** | **मूल्य** | **कैफियत** |
|---|---|---|---|
| ९।२०७९।०५।२२ | कोरल निर्माण सेवा | ३०२०२३ | |
| १०।२०७९।०५।२७ | बागेश्वरी निर्माण सेवा | ७७७२० | |
| १८।२०७९।०८।१३ | खेम तारा कन्स्ट्रक्सन | २४६०६५ | |
| ३४।२०७९।११।२१ | नरसिँह मालारानी कन्स्ट्रकस्सन | १४१६३७ | |
| ३८।२०७९।११।२९ | तारा यु.के कन्स्ट्रक्सन प्रा.लि | ३५२२२६ | |
| **जम्मा** | | **१११९६७१** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,१९,६७१ |

७९ **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकवाट खर्च लेखि भुक्तानी गरेको देखिन्छ । यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेकोले अनियमित देखिएको रु.

| गो.भौ.नं./मिति | खर्चको विवरण | भएको खर्च शिर्षक | हुनुपर्ने खर्च शिर्षक | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४६७।२०८०।२।२३ | पशु खोप कार्यक्रम संचालन | धान गहुँको विउ अनुदान (२२२५२) | पशु खोप कार्यक्रम (२२५२९) | ५०००० |
| ५५७।२०८०।३।१२ | कार्यालयको लागि ए सि खरिद | कार्यालय संचालन खर्च (२२३१९) | मेशिनरी तथा औजार (३११२२) | ३८८००० |
| ६१३।२०८०।३।१५ | फर्निचर खरिद | कार्यालय संचालन खर्च (२२३१९) | फर्निचर तथा फिक्चर्स (३१११५) | २४१९८७ |
| **जम्मा** | | | | **६७९९८७** |

| | |
|---|---|
| अनियमित भएको | ६,७९,९८७ |

८० **नयाँ धानबाली पकेट विकास कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना Manual मा साना व्यवसायिक उत्पादन विकास केन्द्र (पकेट) विकास कार्यक्रमको लागि छनौट गर्दा तराईमा कम्तीमा २० हेक्टर जग्गा हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आ.ब २०७९/८० मा नयाँ धानबाली पकेट विकास कार्यक्रम संचालन कार्यक्रमबाट मायादेबी धान पकेट सञ्चालन समन्वय समितिलाई रू.११८७९८२/- रकम भुक्तानी गरेको छ । पकेट विकास कार्यक्रमको लागि जग्गाको सम्बन्धमा वडाको सिफारिस संलग्न भएको तर trace नक्सा संलग्न नभएको कारणबाट जग्गाको कित्ता नं खुलेको नदेखिएकोले जग्गा चक्लाबन्दी हो वा होइन भन्ने विषयमा एकिन हुन सकिएन ।PMAMP Manual बमोजिम पकेट विकास कार्यक्रम सञ्चालन गर्नको लागि पालिकाले जग्गाको क्षेत्रफलसँगै Trace नक्सा पनि संलग्न गरी जग्गाको चक्लाबन्दीको सम्बन्धमा एकिन गरि बजेट खर्च गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८१ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. ४६४४९३८।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ४६४४९३८।- फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| भौ.नं. | मिति | कार्यक्रम | पेश्की लिनेको नाम | पेश्की रकम | |
|---|---|---|---|---|---|
| | | | | म्याद बाँकी | म्याद नाघेको |
| २१५ | २०८०/०३/१७ | मातृशिशु कार्यक्रम | सीता पन्थी | - | २०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | २०७९/०५/०५ | मानपकडी कुवारी डाडा सडक | अभियान्ता क.प्रा.लि. | - | ११७१००० |
| १ | २०७९/०५/०५ | वडा नं. १ को भवनमा तारबार र जाली | रुपन्देही बिल्डर्स एण्ड कन्स्ट्रक्सन | - | ५३९३८ |
| १६७ | ०७९/०९/२१ | शैक्षिक अवलोकन भ्रमण गुरौली मावि | गुरौलिया मावि | - | १००००० |
| ६५ | २०७९/११/२९ | मेसिनरी औजार | फर्सीटिकर मावि | - | १९७०००० |
| **जम्मा** | | | | - | **३४९४९३८** |

| | |
|---|---|
| पेश्की | ३४,९४,९३८ |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थानः शुद्धोधन गाउँपालिका, रुपन्देही , शुद्धोधन गाउँपालिका , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विपिन क्षेत्री | २०७८-१-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लक्ष्मण पाण्डेय | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,२९६,२४८.८ | २४,४०३,५४७ | २,२२६,७२०.४४ | ० | ० | ३,४९४,९३८ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३३,४२१,४५४.२४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | -० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३३,४२१,४५४.२४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १३९३१०१४७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६४०८८६३४ | **चालु खर्च** | ३१३६२२४८३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३४९३१०१२ | **पूँजीगत खर्च** | १५६५८२६६८ |
| **राजश्व बाँडफाँट** | १०३९२८३४० | **वित्तीय/अन्य व्यवस्था** | १८५६९१७७४ |
| **आन्तरिक आय** | ५२७९५९०१ | | |
| **अन्य आय** | १४९७९६१८४ | | |

| | | | |
|---|---|---|---|
| **कुल आय** | ७०५५४००७१ | **कुल खर्च** | ६५५८९६९२५ |
| **बाँकी मौज्दात** | | १८८९५३२९३ | |

**बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची -३**

**एकीकृत वित्तीय विवरण -**

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | 139310147.5 | १ | चालु खर्च | | 313622483.2 |
| | क. नगद | | 0 | २ | पूँजीगत खर्च | | 156582668 |
| | ख. बैंक | | 125259368.3 | ३ | वित्तीय व्यवस्था भुक्तानी | | 0 |
| | ग.विविध कोष खाता | | 700000 | | | | |
| | घ.प्रकोप व्यवस्थापन खाता | | 557048.64 | | | | |
| | ङ.विविध खर्च खाता | | 12793730.5 | | | | |
| | | | | | | | |
| २ | राजस्व (आन्तरिक आय) | | 156724241.5 | | क. ऋण भुक्तानी | | 0 |
| | क. आन्तरिक राजस्व | | 52795901.56 | | ख. ब्याज भुक्तानी | | 0 |
| | ख. राजस्व बाँडफाँड संघ | | 68830591.35 | | ग. अन्य भुक्तानी | | 0 |
| | ग. राजस्व बाँडफाड प्रदेश | | 19633175.18 | ४ | लगानी | | 0 |
| | घ. स्थानिय राजस्व | | 15464573.4 | | | | |
| ३ | वित्तीय हस्तान्तरण संघ | | 364088634 | | ऋण लगानी | | 0 |
| | क. वित्तीय समानीकरण अनुदान | | 125152500 | | शेयर लगानी | | 0 |
| | ख. सशर्त अनुदान | | 216044000 | | अन्य लगानी | | 0 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग. समपूरक अनुदान | | 1846000 | ५ | धरौटी फिर्ता | | 4992357 |
| | घ. विशेष अनुदान | | 21046134 | ६ | धरौटी सदरस्वाहा | | 958000 |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | 34931012 | ७ | धरौटी खाताको मौज्दात | | 11664452 |
| | क. वित्तीय समानीकरण अनुदान | | 7512000 | ८ | मौज्दात | | |
| | ख. सशर्त अनुदान | | 8000000 | | क. बैंक मौज्दात | | 171227819.3 |
| | ग. समपुरक अनुदान | | 12969012 | | ख. नगद मौज्दात | | 0 |
| | घ. विशेष अनुदान | | 6450000 | ९ | शसर्त अनुदान फिर्ता संघ | | 29969150.36 |
| ५ | खर्च समायोजन | | 1880648 | १० | ससर्त अनुदान फिर्ता प्रदेश | | 11480796 |
| ६ | अन्य | | 0 | ११ | विविध खर्च खाता खर्च | | 7989756.67 |
| | क. क्षेत्रीय शहरी विकास योजना | | 0 | १२ | विविध खर्च खाता मौज्दात | | 4803973.83 |
| | ख. सडक बोर्ड नेपाल | | 0 | १३ | विविध कोष खाता मौज्दात | | 700000 |
| | ग. पर्यटन बोर्ड नेपाल | | 0 | 14 | प्रकोष व्यवस्थापन खाता | | 557048.64 |
| | घ. एन एन एस डब्लु ए | | 0 | 15 | संघलाइ बढी फिर्ता भएको | | 987.06 |
| 7 | धरौटी आय | | 17614809 | | | | |
| | सामाजिक सुरक्षा | | १२०५४७५०१ | | सामाजिक सुरक्षा | | १२०५४७५०१ |
| | एकीकृत स्वास्थ्य पूर्वाधार | | ९७५३२२६ | | एकीकृत स्वास्थ्य पूर्वाधार | | ९७५३२२६ |
| | जम्मा | | 844850219 | | जम्मा | | 844850219.1 |

**सुत्रको वित्तीय विवरण -**

| प्राप्ती भुक्तानी हिसाब | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६८,९९,२४,८९७.०० | ५२,५६,६८,९५५.२७ | | ५२,५६,६८,९५५.२७ | ४९,७३,७०,८६४.६७ | | ४९,७३,७०,८६४.६७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६७,९०,४३,२५०.०० | ५१,४२,९३,९४१.१३ | ० | ५१,४२,९३,९४१.१३ | ४९,०९,८५,६८१.६७ | ० | ४९,०९,८५,६८१.६७ |
| ११००० कर | ११ | ११,२५,१३,०००.०० | ९,६९,६३,५६४.४१ | ० | ९,६९,६३,५६४.४१ | ११,०३,५२,७२२.०८ | ० | ११,०३,५२,७२२.०८ |
| १३००० अनुदान | | ४२,५१,६३,०००.०० | ३५,७५,६९,६९९.६४ | ० | ३५,७५,६९,६९९.६४ | ३३,३७,५९,४०९.०० | ० | ३३,३७,५९,४०९.०० |
| संघीय सरकार | १२ | ३८,७७,५१,०००.०० | ३३,४१,१९,४८३.६४ | ० | ३३,४१,१९,४८३.६४ | ३०,८६,१४,५६४.०० | ० | ३०,८६,१४,५६४.०० |
| प्रदेश सरकार | १२ | ३,७४,१२,०००.०० | २,३४,५०,२१६.०० | ० | २,३४,५०,२१६.०० | २,५१,४४,८४५.०० | ० | २,५१,४४,८४५.०० |
| १४००० अन्य राजस्व | | ४,००,६६,२५०.०० | ५,९७,६०,६७७.०८ | ० | ५,९७,६०,६७७.०८ | ४,६८,७३,५५०.५९ | ० | ४,६८,७३,५५०.५९ |
| ३२००० वित्तीय सम्पत्ति | | १०,१३,०१,०००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,०८,८१,६४७.०० | १,१३,७५,०१४.१४ | | १,१३,७५,०१४.१४ | ६३,८५,१८३.०० | | ६३,८५,१८३.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | १,०८,८१,६४७.०० | ४१,०८,५३७.१४ | ० | ४१,०८,५३७.१४ | ० | ० | ० |
| धरौटी | | ० | ७२,६६,४७७.०० | ० | ७२,६६,४७७.०० | ६३,८५,१८३.०० | ० | ६३,८५,१८३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६८,९९,२४,८९७.०० | ४८,४१,४४,२७७.८३ | | ४८,४१,४४,२७७.८३ | ४८,२४,८८,७३०.१८ | | ४८,२४,८८,७३०.१८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६७,९०,४३,२५०.०० | ४७,०२,०५,१५१.२२ | | ४७,०२,०५,१५१.२२ | ४७,२२,९८,१८२.१८ | | ४७,२२,९८,१८२.१८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २१,८३,६९,०००.०० | १९,५५,९३,३६४.२२ | ० | १९,५५,९३,३६४.२२ | १६,७४,५१,१२९.२० | ० | १६,७४,५१,१२९.२० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५,७५,६९,०००.०० | ११,२७,८६,०५४.०० | ० | ११,२७,८६,०५४.०० | १२,०१,७९,३९४.९८ | ० | १२,०१,७९,३९४.९८ |
| २५००० सहायता (Subsidy) | १८ | ३०,००,०००.०० | १७,४६,३००.०० | ० | १७,४६,३००.०० | ४०,०८,२५२.०० | ० | ४०,०८,२५२.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ९४,४५,०००.०० | ३३,५४,४६५.०० | ० | ३३,५४,४६५.०० | २९,८५,०१४.०० | ० | २९,८५,०१४.०० |
| २८००० अन्य खर्च | १८ | ७,००,०००.०० | १,४२,३००.०० | ० | १,४२,३००.०० | १,४९,८००.०० | ० | १,४९,८००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २८,९९,६०,२५०.०० | १५,६५,८२,६६८.०० | ० | १५,६५,८२,६६८.०० | १७,७५,२४,५९२.०० | ० | १७,७५,२४,५९२.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | १,०८,८१,६४७.०० | १,३९,३९,१२६.६१ | | १,३९,३९,१२६.६१ | ४८,२४,८८,७३०.१८ | | ४८,२४,८८,७३०.१८ |
| कोषहरु | | १,०८,८१,६४७.०० | ७९,८९,७५६.६७ | ० | ७९,८९,७५६.६७ | ० | ० | ० |
| धरौटी | | ० | ५९,५०,३५७.०० | ० | ५९,५०,३५७.०० | १,०१,९०,५४८.०० | ० | १,०१,९०,५४८.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -९८७.०६ | | -९८७.०६ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | ४,१५,२४,६७७.४४ | | ४,१५,२४,६७७.४४ | १,४८,८२,१३४.४९ | | १,४८,८२,१३४.४९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १४,५०,२१,१९९.८४ | | १४,५०,२१,१९९.८४ | १२,६०,३०,५२८.२१ | | १२,६०,३०,५२८.२१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १८,६५,४५,८७७.२८ | | १८,६५,४५,८७७.२८ | १४,०९,१२,६६२.७० | | १४,०९,१२,६६२.७० |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १८,४३,१६,०१४.१४ | | १८,४३,१६,०१४.१४ | १४,०९,१२,६६२.७० | | १४,०९,१२,६६२.७० |